# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
संघीय मामिला तथा सामान्य प्रशासन महानिर्देशनालय

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्याः २०७५/७६ मितिः २०७५/१२/२९

च.नं.

विषयः <u>लेखापरीक्षण प्रतिवेदन</u> ।

**श्री प्रमुखज्यू/अध्यक्षज्यू,**
**नगर/गाउँ कार्यपालिकाको कार्यालय,**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७४/७५ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

(सुवर्णप्रसाद ढकाल)
नायब महालेखापरीक्षक

# महालेखापरीक्षकको सन्देश

नेपालको संविधानको धारा २४१ बमोजिम संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र लेखापरीक्षण ऐन, २०७५ को दफा १० बमोजिम पूर्णस्वामित्व भएको संगठित संस्थाको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षणको क्रममा ऐनको दफा ४ बमोजिम महालेखापरीक्षकले ती निकायको एक एक गरी वा बीच बीचमा छड्के वा केही प्रतिशतमात्र परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्न, त्यसबाट प्राप्त तथ्य दर्शाउन, आलोचना गर्न र आर्थिक विवरणउपर रायसहितको प्रतिवेदन जारी गर्न सक्ने कानूनी व्यवस्था छ ।



टंकमणि शर्मा, दंगाल
महालेखापरीक्षक

यस वर्ष ७५३ वटा स्थानीय तहमध्ये ७४७ स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराको सारांश महालेखापरीक्षकको ५६ औं वार्षिक प्रतिवेदनमा समेत समावेश गरिएको छ । ६ वटा स्थानीय तहको लेखा स्रेस्ता पेश नभएकाले लेखापरीक्षण सम्पन्न हुन सकेन । आर्थिक कारोबार, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, कानूनको पालना सम्बन्धमा गर्नुपर्ने सुधार र असुल फछ्र्यौट गर्नुपर्ने विषय समावेश गरी प्रत्येक स्थानीय तहलाई बेग्लाबेग्लै लेखापरीक्षण प्रतिवेदन दिने व्यवस्था मिलाएको छु । लेखापरीक्षणका क्रममा अन्तर्राष्ट्रिय मान्यता, लेखापरीक्षण मानदण्ड, निर्देशिकाबमोजिम प्रचलित ऐन, कानून, निर्णय समेतका आधारमा परीक्षण मूल्याङ्कन गरिएको छ । प्रदेश र जिल्ला स्तरीय छलफल तथा अन्तरक्रिया कार्यक्रममा स्थानीय तहका प्रमुख, लेखाउत्तरदायी अधिकृत तथा अन्य पदाधिकारीबाट प्राप्त सूचना र सुझावलाई प्रतिवेदन तयार गर्दा ध्यान दिइएको छ ।

आर्थिक वर्ष २०७४।७५ को स्थानीयतहको लेखापरीक्षणबाट मूलतः पारित भएका कानूनहरु स्थानीय राजपत्रमा प्रकाशित नभएको, दरबन्दी बमोजिम कर्मचारीको पदपूर्ति नभएको, सार्वजनिक खरिद ऐनको पालना नभएको, प्रदेश कानूनले तोकेभन्दा फरक/विपरीत पदाधिकारीलाई सेवा सुविधा भुक्तानी गरेको, योजना छनौट, सञ्चालन र भुक्तानीमा समस्या देखिएको, वितरणमुखी र अनुत्पादक क्षेत्रमा खर्च भएको, आन्तरिक आय तथा राजस्व सङ्कलन व्यवस्थित नदेखिएको, आन्तरिक आयको तुलनामा अत्यधिक प्रशासनिक खर्च भएको, आन्तरिक लेखापरीक्षण प्रभावकारी नभएको, आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित नभएको, वित्तीय जवाफदेहिताको स्तरमा सुधार गर्नुपर्ने जस्ता ब्यहोराहरु रहेका छन् ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) अनुसार महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी सकेपछि अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने र ऐनको दफा २०(३) मा स्थानीय तहको प्रचलित कानूनबमोजिम गाउँसभा वा नगरसभामा पेश गरी छलफल गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका व्यहोरा उपर छलफल गरी टुङ्गो लगाउँदा लेखापरीक्षणको मूल्य मान्यता एवं स्वार्थ बाझिने व्यवहार नहुने आस्वस्ततासँगै स्थानीय तहको प्रतिवेदन कार्यान्वयनको सुनिश्चितताको अपेक्षा गर्दछु । यो स्थानीय तहको सम्बन्धमा दोस्रो प्रतिवेदन हो । संघीय प्रणाली अन्तर्गत स्थानीय तहमा सार्वजनिक स्रोतको समुचित उपयोग गर्दै विकास निर्माण र सेवा प्रवाहका कार्यलाई उत्कृष्ट नमूनाको रुपमा सञ्चालन गर्न अवसर प्राप्त भएको छ । यद्यपी नयाँ संरचनामा भौतिक, वित्तीय तथा जनशक्ति अभाव जस्ता चुनौति र समस्याका कारण अपेक्षाकृत प्रगति हुन सकेको देखिँदैन । त्यसैले प्रतिवेदनमा समावेश भएका व्यहोरा र सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहको शासकीय व्यवस्था सञ्चालनमा सहयोग पुग्ने अपेक्षा गरेको छु ।

अन्त्यमा, संवैधानिक जिम्मेवारीअनुसार लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने क्रममा सुझाव दिई सहयोग गर्ने स्थानीय तहका प्रमुख, उप-प्रमुख, लेखाउत्तरदायी अधिकृतहरु लगायत नागरिक समाज र सञ्चारकर्मीहरुप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । साथै, अहोरात्र खटिई समयमै लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्न योगदान गर्ने कार्यालयका सम्पूर्ण कर्मचारीलाई विशेष धन्यवाद दिन चाहन्छु ।

**संघीय मामिला तथा सामान्य प्रशासन महा-निर्देशनालय**

पत्र संख्याः २०७५।७६
च.नं.:

मितिः २०७५।१२।१०

श्री प्रमुखज्यू,
ठुलीभेरीनगरपालिका,
डोल्पा ।

विषयः **लेखापरीक्षण प्रतिवेदन** ।

यस कार्यालयबाट ठुलीभेरी नगरपालिकाको, आर्थिक वर्ष २०७४।७५ को पेश भएका वित्तीय विवरण र सोसँग सम्बन्धित कागजातको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन पक्षको जिम्मेवारी** - आर्थिक कार्यविधि ऐन, २०५५ स्थानीय सरकार सञ्चालन ऐन, २०७४, आर्थिक कार्यविधि नियमावली, २०६४ तथा प्रचलित कानून तथा अभ्यास अनुरुप लेखा राख्ने र राख्न लगाउने, लेखा विवरण तयार गर्ने गराउने कार्यका साथै आर्थिक प्रशासन सञ्चालन गर्ने तथा प्रस्तुतीकरण गर्ने जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ ।

**लेखापरीक्षकको जिम्मेवारी** - प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु लेखापरीक्षकको जिम्मेवारी हो । लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन, २०७५ तथा महालेखा परीक्षकको कार्यालयले अवलम्बन गरेको सरकारी लेखापरीक्षण मानदण्ड र अन्य मार्गदर्शन तथा अन्य प्रचलित कानूनको आधारमा गरिएको छ । लेखापरीक्षणको क्रममा प्राप्त गरेका प्रमाणहरु लेखापरीक्षण राय व्यक्त गर्ने आधार उपलव्ध गराउन पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधार** - कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा सञ्चित कोष विवरणमा सारभूत असर पार्ने व्यहोराहरु निम्नानुसार छन् :

१. लेखापरीक्षणबाट रु.९ करोड ७८ लाख १४ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.१ करोड ८९ लाख ६५ हजार, नियमित गर्नुपर्ने रु.२ करोड ९२ लाख ६२ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.३ करोड ४८ लाख २५ हजार, सोधभर्ना प्राप्त नभएको रु.४६ लाख ७३ हजार र पेश्की रु. १ करोड ८९ हजार रहेको छ ।

२. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले सम्पत्ति तथा दायित्व यकिन हुन सकेन ।

३. स्थानीय सञ्चित कोषको बिवरण तयार गरी लेखापरीक्षणको लागि पेश गर्नुपर्नेमा नगरेबाट लेखापरीक्षण हुँदा देखिएको आय तथा परीक्षण गरेको व्ययमा संलग्न प्रतिवेदन बमोजिम फरक परेकोले हिसाब छानबिन गरी एकिन गर्नुपर्दछ ।

४. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७५।८।६ मा लेखापरीक्षण जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्रतिकृया सहितको प्रमाण कागजातका आधारमा पेश हुन नआएकोले बेरुजु फछ्र्यौट नभइ कायम व्यहोराको लेखापरीक्षण प्रतिवेदन पाना ३९ यसैसाथ सलँग्न छ ।

**कैफियत सहितको लेखापरीक्षण राय** - कैफियत सहितको लेखापरीक्षण रायले त्यहाँको सञ्चित कोष विवरणमा पर्ने असर र लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराहरु बाहेक आर्थिक वर्ष २०७४।७५ को आर्थिक कारोबार, लेखा तथा प्रतिवेदन आर्थिक कार्यविधि ऐन, २०५५ र नियमावली, २०६४ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित कानूनबमोजिम रहेको छ ।

(सुवर्णप्रसाद ढकाल)
नायव महालेखापरीक्षक

**ठुलीभेरी नगरपालिका**
**लेखापरीक्षण प्रतिवेदन**

**२०७४।७५**

**परिचय :** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गरी स्थानीय सरकारले आफ्नो अधिकार क्षेत्रभित्र स्रोत साधन सङ्कलन र परिचालन गरी विकास निर्माण लगायतको काम गर्न जनताको सहभागितामा आधारिता दिगो विकासको लाभ समतामूलक तरिकाले उपभोग गर्ने कार्यको लागि यस नगरपालिकाको स्थापना भएको हो । नेपाल सरकार एवं स्थानीय तहमै उपलव्ध हुने स्रोत साधानको अधिकतम उपयोग गरी योजनावद्ध सहभागितामूलक कार्यक्रमको माध्यमबाट स्थानीय जनतालाई प्रत्यक्ष लाभ पुग्ने गरी सामाजिक आर्थिक तथा भौतिक क्रियाकलापहरु सञ्चालन गर्नु स्थानीय तहको मूख्य उद्देश्य रहेको छ । कर्णाली प्रदेशमा अवस्थित यो नगरपालिका अन्तर्गत ११ वडा, १ प्रतिनिधिसभा सदस्य,  वर्ग कि.मी.क्षेत्रफल र  जनसंख्या रहेको छ ।

**स्थानीय सञ्चितकोष :**स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम नगरपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकारबाट संचालन भएको आर्थिक वर्ष २०७४।७५ को आय-व्यय हिसावको संचित कोषको संक्षिप्त अवस्थाको प्रतिनिधित्व हुने गरी एकिकृत आर्थिक विवरण तयार गरेको छैन ।  नगरपालिकाले आन्तरिक लेखापरीक्षणबाट प्रमाणित गरेको आर्थिक विवरणको आधारमा निम्नानुसार  स्थानिय सञ्चित कोषको आयव्यय हिसाबको सक्षिप्त बिवरणको अवस्था निम्नानुसार छ  :

| सि.नं. | आयतर्फ | | | सि.नं. | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | अनुसूची | रकम | | विवरण | अनुसूची | रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | | ११६३७४२.०० | १ | **वित्तिय समानिकरण तर्फको चालु खर्च** | ४ | १५०५४०१००.०० |
| | क) नगद | | | २ | **वित्तिय समानिकरण तर्फको पूँजीगत खर्च** | ४ | ८३७०००००.०० |
| | ख) बैंक | १ | | ३ | **वित्तीय व्यवस्था भुक्तानी** | | |
| २ | **राजस्व (आन्तरिक आय)** | | | | क) ऋण भुक्तानी | | |
| | क) आन्तरिक राजस्व | | | | ख) ब्याज भुक्तानी | | |
| | ख) राजस्व बाँडफाँड | | | | ग) अन्य भुक्तानी | | |
| | ग) अन्य आय | | | ४ | **लगानी** | | |
| ३ | **वित्तीय हस्तान्तरण** | | | | ऋण लगानी | | |
| | क)वित्तीय समानीकरण अनुदान | | २६३०४०१००.०० | | शेयर लगानी | | |
| | ख) सशर्त अनुदान | २ | | | अन्य लगानी | | |
| | ग) समपूरक अनुदान | | | ५ | **धरौटी बाँकी** | | |
| | घ) विशेष अनुदान | | | ६ | **कोष खर्च** | | |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | | | **सशर्त अनुदान तर्फको खर्च** | २ | ३३६९४७५६.०० |
| | क)वित्तीय समानीकरण अनुदान | | | ७ | **अन्य विविध खर्च** | | |
| | ख) सशर्त अनुदान | | ३९९७६०००.०० | | जिल्ला समन्वय समिति (फो.पु) | | |
| ५ | **अन्तर स्थानीय तहबाट प्राप्त** | | | ८ | **मौज्दात** | | |
| ६ | **वित्तीय व्यवस्था प्राप्ति** | | | | क) नगद मौज्दात | | |
| | क) ऋण प्राप्ति | | | | ख) बैंक मौज्दात | १ | ३६२४४९८६.०० |
| | ख) साँवा प्राप्ति | | | | | | |
| ७ | **विषयगत निकायबाट प्राप्त रकम** | | | | | | |
| ८ | **अन्य विविध आय** | | | | | | |
| | जिल्ला समन्वय समिति (फो.पु) | | | | | | |
| | **जम्मा** | | ३०४१७९८४२.०० | | **जम्मा** | | ३०४१७९८४२.०० |

| ठुली भेरी नगरपालिका, डोल्पा | | |
|---|---|---|
| **दफा** | **विवरण** | **रकम** |
| | नगरपालिकाको आर्थिक कारोबारसंग सम्बन्धित आर्थिक विवरण एवं स्रेस्ताहरुको लेखापरीक्षण ऐन, २०४८ को दफा ३ र लेखापरीक्षणका अर्न्तराष्ट्रिय मानदण्ड तथा मार्गदर्शनको आधारमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले निर्क्यौल गरेको जोखिममा आधारित स्वीकृत लेखापरीक्षण योजना भित्र रही लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । सारभूत रुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर व्यवस्थापनपक्षसँग छलफल गरी मिति २०७५।०६।१६ मा जानकारी गराए पश्चात कायम भएका व्यहोराहरु निम्नानुसार छन् । | |
| १. | **स्थानीय संचितकोषः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम नगरपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकारबाट संचालन भएका आर्थिक वर्ष २०७४।०७५ को आय-व्यय हिसावको संचित कोषको संक्षिप्त अवस्थाको प्रतिनिधित्व हुने गरी एकिकृत आर्थिक विवरण तयार गरेको छैन । बेरुजु मौज्दात बिवरण अनुसार र चालु तर्फ रु.१८८१०४।९७, पुँजीगत तर्फ रु.१८७२५०००।८८ र सचिँत कोष खातामा रु.२७६४७२७५।०० समेत रु.४६५६०३८१।३२ भएपनि कार्यालयले तयार गरेको म.ले.प.फा.नं.१५ बैक हिसाब विवरण अनुसार रु.११४७९१३७२२ को चेक साट्न बाँकी भै अन्तिम मौज्दात रु.३५०८१२४४।१० देखिन्छ । तरनगरपालिकाले उपलब्ध गराएको बिवरण अनुसार आय व्यय तयार गर्दा अन्तिम मौज्दातको रु.३,६२,४४,९८६।०० हुन आउछ तर पेश भएको बैंक समायोजन बिवरण अनुसार रु.३,५०,८१,२४४।१० देखिएकोले फरक देखिएको रु.११,६३,७४१।९० को सम्बन्धमा हिसाब मिलान गरी प्रमाण पेश गर्नुपर्ने रु. | ११६३७४१.९० |
| २. | **सेवा प्रवाहः** नेपाल सरकार एवं स्थानीय तहमै उपलब्ध हुने स्रोत साधनको अधिकतम उपयोग गरी योजनाबद्ध सहभागितामुलक कार्यक्रमको माध्यमबाट स्थानीय जनतालाई प्रत्यक्ष लाभ पुग्ने गरी सामाजिक आर्थिक तथा भौतिक क्रियाकलाप सञ्चालन गरेको छ । दरबन्दी अनुसार बिषयगत कर्मचारीको अभावको कारण स्थानीय जनताले सेवा प्राप्त गर्न कठिनाई भएको छ । स्थानीय स्रोत र साधनको परीक्षण हुन नसकेको, आन्तरीक स्रोत शुन्य रहेको, सबै खर्च नेपाल सरकारमा भर पर्नुपरेको देखिदा स्थानीय जनताले अपेक्षित लाभ प्राप्त गर्न सकेको देखिएन । | |
| ३. | **आन्तरिक नियन्त्रण प्रणालीः** कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ । आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा वार्षिक खरिद योजना तयार नगरेको, जिन्सी खातामा रहेका केही सामानको मूल्य नखुलाई आम्दानी बाँधेको, समितिको कामसँग सम्बन्धित सम्भावित जोखिमहरु पहिचान गर्ने, तिनको विश्लेषण गर्ने र सो अनुरुप आवश्यक नियन्त्रण प्रणाली तयार गर्ने नगरेको, कर्मचारीहरुको कार्य विवरण तयार नगरेको, स्विकृत दरबन्दी अनुसार कर्मचारी नरहेको, पेश्की समयमा फछ्र्यौट नगरेको आदि कमीकमजोरी देखिएका छन् । कामको प्रकृति अनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार नगरेकोले कार्य सम्पादनमा नियन्त्रण, मितव्ययी र पारदर्शी नहुने हुदाँ सो प्रणाली तयार गरी मजवुत र भरपर्दो बनाउनु पर्ने देखिन्छ । | |
| ४. | **पेश्की व्यवस्थापनः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४ मा पेश्की दिने र फछ्र्यौट गर्ने व्यवस्था रहेको छ । कार्यालयमा पेश्की रकमको बिल भर्पाई सहितको विवरण प्राप्त भएपछि ७ दिन भित्र फछ्र्यौट गरी सक्नूपर्ने व्यवस्था छ । कार्यालयले यस विभिन्न बजेट शीर्षक लगायत दिएको कार्यक्रम पेश्की, कार्यक्रम सकेपश्चात तुरुन्त फछ्र्यौट नगरी अधिकांश पेश्की आर्थिक बर्षको अन्तमा फछ्र्यौट गरेको छ । साथै पेश्की माथि पेश्की दिने र पेश्की उपलब्ध गराउँदा कार्यक्रम र सोमा लाग्ने | |

| ठुली भेरी नगरपालिका, डोल्पा | | |
|---|---|---|
| **दफा** | **विवरण** | **रकम** |
| | रकमको लागत अनुमान तयार नगरी पेश्की लिनेदिने गरेको समेत देखिएको छ । यसमा नियमानुसार सुधार हुनु पर्दछ । | |
| ५. | **खर्च गर्ने अख्तियारी र कार्यविधिः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ वमोजिम सभावाट वजेट स्वीकृत भएको सात दिन भित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकिय अधिकृतलाई वजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ । कार्यक्रम र वजेट सहित प्रचलित कानून वमोजिम खर्च गर्ने अख्तियारी दिनुपर्ने व्यवस्था भए पनि नगरपालिका प्रमुखले प्रशासकिय अधिकृतलाई खर्च गर्ने अख्तियारी दिएको छैन । | |
| ६. | **वजेट पेश गर्ने तथा पारित गर्ने**ः स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ वमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालीकावाट स्वीकृत गराई आषाढ १० गते भित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ । आय व्ययको अनुमान साथ गत वर्षको वास्तविक आय व्यय , चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण सभामा पेश गरि १५ दिन भित्र छलफल सम्पन्न गरी आषाढ भित्रनै पारीत गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले उपरोक्त तालिका अनुसार नगरी २०७४ श्रावणमा नगरसभाबाट पारित गरेको छ । | |
| ७. | **श्रोतअनुमान तथा वजेट सीमाः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६६ वमोजिम नगरपालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडवाट प्राप्त हुने रकम, अनुदान,ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र वजेट सीमा निर्धारण गर्न ४ सदस्यीय समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, सन्तुलीत वितरणमा, वजेट सीमा निर्धारण, वजेट तथा कार्यक्रमको प्राथमिकीकरण, वजेट तर्जुमा मार्गदर्शन गर्नुपर्ने र कार्यपालीकामा पेश गर्ने कानुनी व्यवस्था रहेकोमा नगरपालिकाले उपरोक्त कार्य गरेको छैन । | |
| ८. | **लक्ष्य प्रगतिको स्थिति -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा चौमासिक प्रगति विवरण पेश गनुपर्ने व्यवस्था छ । कार्यालयले सञ्चालन गरेका जिल्ला स्तरीय तथा केन्द्रिय स्तरीय आयोजनामध्ये सबै आयोजनाको उपर्युक्त नियम बमोजिम अनुसूची-२ बमोजिमको ढाँचामा प्रगति विवरण दिएको देखिएन । प्रगति बिवरण बेगर कार्यक्रमको उपलब्धि मापन गर्ने आधार नहुने हुदा नियम अनुसार प्रगति बिवरण तयार गरी पेश गर्नुपर्दछ । | |
| ९. | **चौमासिक खर्चः**आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ वमोजि स्विकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्याक्रम वमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार प्रथम चौमासिकमा शुन्यप्रतिशत, दोश्रो चौमासिकमा शुन्य प्रतिशत र तेश्रो चौमासिकमा शतप्रतिशत खर्च गरेको देखिएको छ । यसरीनै आषाढ मसान्तमा ७५प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप वढेको देखिएकोले सनतुलित खर्च व्यवस्थापन भएको देखिएन । | |
| १०. | **राजश्व अभिलेख :** आर्थिक कार्यबिधि ऐन,२०५५ को परिच्छेद ४ दफा १२ र १३ ले | |

| ठुली भेरी नगरपालिका, डोल्पा | | |
|---|---|---|
| **दफा** | **विवरण** | **रकम** |
| | राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । स्थानीय तहहरुवाट लेखापरीक्षणको क्रममा राजस्व आम्दानीको निर्णय देखि असुली तथा दाखिला सम्मका अभिलेख व्यवस्थित गरी श्रेस्ता राखेको छैन । यसवाट स्थानीय तहको बास्तबिक राजस्व असुली र दाखिला एकिन हुन सकेन । स्थानीय तहवाट समेत यसमा बिशेष ध्यान दिई आन्तरिक आयको उचित अभिलेखाङ्कन तथा परिचालन गर्नुपर्दछ। | |
| ११. | **सम्पत्ति हस्तान्तरण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७,९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिका वा नगरपालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा नगरपालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सार्ने गरेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउन, हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ । | |
| १२. | **स्थानीय तथ्यांक र अभिलेखः** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ११ वमोजिम नगरपालीकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याकं संकलन , अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था नगरपालीकाले स्थानीय तथ्यांक सम्वन्धी निती , कानून र सोको मापदण्ड बनाएको छैन । स्थानीय तहका हरेक प्राथमिकिकरणका क्रियाकलाप संचालनमा तथ्यांकले महत्वपुर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा भुमिका अगाडि वढाउन आवश्यक छ । तथ्यांक वेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुदा यस तर्फ नगरपालीकाले अभिलेख व्यवस्थापन गर्न जरुरी छ । | |
| १३. | **बरबुझारथ :** मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको नगरपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस नगरपालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले नगरपालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ । | |
| १४. | **स्रोत नक्सांकन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा ११ बमोजिम प्रत्येक गाउँपालिका र नगरपालिकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अबस्था, प्राकृतिक श्रोत अर्न्तगत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्सांकन वा नगरपालिकाको प्रोफाईल तयार गर्नुपर्नेमा सो तयार गरेको | |

| ठुली भेरी नगरपालिका, डोल्पा | | |
|---|---|---|
| **दफा** | **विवरण** | **रकम** |
| | पाईएन । | |
| १५. | **उपभोक्ता समिति :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिबाट काम गराउदा सम्पन्न निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नु पर्ने, खर्चको सूचना सार्वजनिक गर्नु पर्ने, निर्माण कार्यमा लोडर, एक्साभेटर, मेशीनहरू प्रयोग गर्न नहुने व्यवस्था छ ।उपभोक्ता समितिबाट तोकिएको जनसहभागिता नजुटाउने साथै कार्यालयबाट गर्ने भुक्तानीमा आनुपातिक कट्टी नगर्ने जटिल प्राविधिक पक्ष समावेश भएका आयोजना उपभोक्ता समितिबाट सञ्चालन गर्ने, योजना हस्तान्तरण नहुने तथा खर्च सार्वजनिक नगर्ने जस्ता कानूनले तोकेका कार्य गरेको देखिएन । | |
| १६. | **कल्याण कोष** :स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा९१ वमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवाशर्त तथा कानून वमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपादान, औषधिउपचार लगायतका सुविधा उपलव्ध गराउन अवकास कोषको स्थापना गर्ने व्यवस्था छ ।व्यवस्था स्थानीय तहले कार्यालयलाई कर्मचारी कल्याण कोषको लागि आवश्यक पर्ने रकम जम्मा गर्नुपर्ने व्यवस्था छ । तर नगरपालिकाले कर्मचारी कल्याण कोषको लागि रकमको व्यवस्था गरेको छैन । | |
| १७. | **लक्षित समूह खर्च** : स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ को दफा नं १२ (७) अनुसार लक्षीत समुहको मागको आधारमा लक्षीत समुहको पूजी निर्माण, सेवा प्रवाहमा गुणस्तरिय सुधार, क्षमता विकासको मापन गर्न सकिने ठोस कार्यक्रम र आयोजनामा मात्र रकम विनियोजन र खर्च गर्न सकिने व्यवस्था छ । कुनैपनि प्रकारका वितरणमूखि कार्यक्रम, सभा सम्मेलन वा गोष्ठिमा खर्च गर्न नपाइने व्यवस्था भएकोमा नगरपालीकाले त्यस्ता कार्यक्रममा समेत खर्च गरेको देखिएकोले कार्यविधिको परिपालना भएको देखएन । यस्ता कार्यमा सुधार हुनु पर्दछ । | |
| १८. | **वातावरणीय प्रभाव :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा नगरपालिका क्षेत्रमा स्थल, जल, वायू तथा ध्वनी प्रदुषण नियन्त्रण गरी वातावरण संरक्षण गर्ने कार्यमा सहयोग गर्ने गराउने कर्तव्य तोकेको छ । नगरपालीकाले यो वर्ष वातावरण संरक्षण, नगर र नदी सफाइ कार्यक्रम चलाएको विवरण पेश गरेकोमा वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको छैन । | |
| १९. | **व्यवसाय कर :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा नगरपालीकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । नगरपालिकाको कार्यालयले व्यवसायीहरुको लगत राखी राजस्व असुल गर्नुपर्नेमा नगरपालिका भित्र कर योग्य कारोबार गर्ने व्यवसायिको लगत राख्ने कार्य समेत गरेको देखिएन । | |
| २०. | **विद्युतिय लेखा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा कारोवार को लेखा राख्नु पर्ने तथा महालेख नियन्त्रकको कार्यलयले निशुल्क रुपमा उपलव्ध गराई सवै नगरपालिकाहरुले Sub National Tresury Regulatory application (SUTRA) प्रयोग गरी लेखा राख्नुपर्ने व्यवस्था छ । नगरपालिकाले आर्थिक कारोबारको लेखा (SUTRA) मा राखेको छैन । | |

| ठुली भेरी नगरपालिका, डोल्पा | | |
|---|---|---|
| **दफा** | **विवरण** | **रकम** |
| २१. | **सार्वजनिक परीक्षण:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी ,दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अर्न्तगत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । कार्यालयले बर्ष भरी प्रवाह गरेको सेवा तथा खर्चको सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाइ गरेको छैन । ऐन नियमको पालना गर्नुपर्दछ । | |
| २२. | **बैंक मौज्दात :** नगरपालिकाले यस आर्थिक बर्षको एकिकृत आय व्यय बिवरण तयार गरी प्रमाणित गरेर लेखापरीक्षणको लागि पेश गरेको छैन । गत बर्षको लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनमा अन्तिम मौज्दात रु.४८,१३,१७९।०० रहेकोमा नगरपालिकाले यस आर्थिक बर्षमा रु.११,६३,७४२।०० मात्र शुरु मौज्दात देखाएको छ । यसबाट रु.३६,४९,४३७।०० रकम कम मौज्दात देखाएकोले यस सम्बन्धमा थप छानबिन गरी प्रमाण पेश गर्नुपर्ने रु. | ३६४९४३७.०० |
| २३. | **आर्थिक बिवरण:** कार्यालयले पेश गरेको वित्तिय बिवरणमा एकमुष्ट चालु तर्फमा ६ शिर्षकमा रु.१५,०५,४०,१००।०० र पुजिगत तर्फ रु.११,२५,००,०००।०० समेत रु.२६,३०,४०,१००।०० बजेट व्यवस्था भएकोमा चालुतर्फ रु.१५,०५,४०,१००।०० र पुजीगततर्फ रु.८,३७,००,०००।०० समेत रु.२३,४२,४०,१००।०० खर्च भै रु.२,८८,००,०००।०० बांकी देखाएको छ । कार्यालयले पेश गरेको श्रेस्ता सहितको बैंक नगदी किताबमा रु.६,४६,०१,२६५।०० बजेट खर्च लेखेको छ । यसबाट कन्टेन्जेन्सीको खर्च रु.३५,७०,०००।०० समेत रु.६,८१,७१,२६५।०० पुजीगत खर्च हुन जाने देखियो । कार्यालयले लेखापरीक्षणको लागि उपलब्ध गराएको आर्थिक बिवरणमा रु.८,३७,००,०००।०० खर्च लेखेकोले वास्तबिक खर्च भन्दा बढी खर्च देखाएको रु.१,५५,२८,७३५।०० को सम्बन्धमा हिसाब मिलान गरी प्रमाण पेश गर्नुपर्ने रु. | १,५५,२८,७३५.०० |
| २४. | कार्यालयले पेश गरेको बित्तिय समानिकरण चालु (पशु तर्फ) रु.२३,९६,६००।०० खर्च भएको आर्थिक बिवरण पेश भएको छ । लेखापरीक्षणको कममा रु.१७,४०,०००।०० को मात्र फांटवारीको लेखापरीक्षण भएको र बैंक नगदी किताबमा पनि सोही खर्च भएको देखाएको हुँदा वास्तबिक खर्च भएको भन्दा रु.६,५६,६००।०० आर्थिक बिवरणमा बढी खर्च देखाएको हुँदा सोको छानबिन गरी यथार्थ प्रमाण पेश गर्नुपर्ने रु. | ६,५६,६००.०० |
| २५. | **श्रेस्ता पेश नभएको**:बित्तिय समानिकरण पुंजीगततर्फको कन्टेन्जेन्सी खर्चको रु.३५,७०,०००।०० को श्रेस्ता लेखापरीक्षणको लागि पेश भएको छैन । उक्त खर्चको श्रेस्ता लेखापरीक्षणको लागि पेश गर्नुपर्ने रु. | ३५,७०,०००.०० |
| २६. | **बजेट खर्च** : नगरपालिकाले लेखापरीक्षणको लागि पेश गरको बैक नगदी किताब परीक्षण गरी जोड जम्मा गर्दा बित्तीय समानिकरण पुंजीगत तर्फको जोड जम्मा रु.६,३९,०५,७७०।०० मात्र बजेट खर्च भएको देखिन्छ । नगरपालिकाले गरेको जोड जम्मा रु.६,४६,०१,२६५।०० देखिएकोले बास्तबिक खर्च भन्दा रु.६,९५,४९५।०० बढी खर्च देखियो । यस सम्बन्धमा थप छानबिन गरी यकिन गर्नुपर्ने रु. | ६,९५,४९५.०० |
| २७. | **आन्तरिक लेखापरीक्षण:** नगरपालिकाले नेपाल सरकारका लेखापाल बल बहादुर के.सी. लाई आन्तरिक लेखापरीक्षण शाखाका प्रमुख तोकी आन्तरिक लेखापरीक्षण गराएको छ । आन्तरिक | |

<table>
<tr><th colspan="3">ठुली भेरी नगरपालिका, डोल्पा</th></tr>
<tr><th>दफा</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td></td><td>लेखापरीक्षकले आन्तरिक लेखापरीक्षणको न्युनतम आचार सँहिता सम्म पालना गरेका देखिएन । आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा श्रेस्ता सम्बन्धि कुनै कैफियत जनाएको छैन । नगरपालिकाले अन्तिम लेखापरीक्षणको लागि पेश गरेको आर्थिक विवरण, बैंक नगदी किताब र सोसँग सम्बन्धित श्रेस्ता परीक्षण गर्दा बैंक नगदी किताबको जोड जम्मा नगरेको, आन्तरिक लेखापरीक्षकले बैंक नगदी किताब प्रमाणित नगरेको, बैंक नगदी किताब र आर्थिक बिवरण बिच फरक पर्दा त्यसलाई नमिलाई आर्थिक बिवरण प्रमाणित गरेको छ । खर्च सम्बन्धि गोश्वारा भौचरमा कार्यालय प्रमुखको हस्ताक्षर नभएको भुक्तानी भौचरमा चेक नम्बर उल्लेख नगरेको, गोश्वारा भौचरमा खर्च लेखेको संक्षिप्त व्यहोरा र संलग्न फांटवारी बीच मेल नखाएका व्यहोराको शुद्धतामा सहयोग नगरेको जस्ता व्यहोरा आ.ले.प. प्रतिवेदनमा औंल्याएको छैन । बैंक नगदी किताबमा पेश्की दिएको र फछ्यौट भएको बिच फरक भएको अर्थात पेश्की फछ्यौट गर्न बांकीको नाम नामेशी सहितको बिवरण तयार नगरको, गोश्वारा भौचरमा भएका बिल भरपाईको जोड जम्मा फरक परेको कुनै टिप्पणी नगरको कारण आन्तरिक लेखापरीक्षणबाट नियन्त्रात्मक भन्दा लेखापालनमा भएका गम्भिर त्रुटीलाई प्रसय दिने खोलको देखियो । तसर्थ कार्य बिवरण अनुसार आन्तरिक लेखापरीक्षण गर्ने कर्मचारीलाई कानुन बमोजिम जवाफदेही बनाँउन कारबाही हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td></td><td>ब.उ.शि.नं. बित्तिय समानीकरण पुंजीगततर्फ</td><td></td></tr>
<tr><td>२८.</td><td>पेश्की बाकी : नगरपालिकाले वित्तिय समानिकरण पुंजीगत तर्फ बैंक नगदी किताबमा लेखाङ्कन गरेको पेश्की र फछ्यौट महलको जोड जम्मा गर्दा पेश्की दिएको रु.२,५३,६६,०५०।०० छ भने फछ्यौट भएको रु.१,६२,७८,०००।०० देखियो । लेखापरीक्षण अवधिसम्म रु.९०,८८,०५०।०० पेश्की फछ्यौट भएको देखिएन । तीन उपभोक्ता समिति र एक कर्मचारीलाई दिएको पेश्की समेत बांकी रु.६२,७५,०००।०० कटाई बांकी रु.२८,१३,०५१।०० के कुन उपभोक्ता समितिको नाममा पेश्की रहेको हो सोको छानबिन गरी पेश्की फछ्यौटको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुलउपर गर्नुपर्ने रु.</td><td>२८,१३,०५०.००</td></tr>
<tr><td>२९.</td><td>आर्थिक वर्षको अन्त्यसम्म निम्न उपभोक्ता समितिको नाममा बांकी रहेको पेश्की रु.४२,७५,०००।०० लेखापरीक्षण अवधिसम्म फछ्यौट भएको नदेखिएकोले आर्थिक कार्यबिधि नियमावली,२०६४ को नियम ७४ अनुसार असुल फछ्यौट हुनुपर्ने रु.
<table>
<tr><th>पेश्की लिने उपभोक्ता समितिको नाम</th><th>पेश्की रकम</th></tr>
<tr><td>दुनै देखि रहसम्म कृषि सडक निर्माण उपभोक्ता समिति</td><td>१९,००,०००.००</td></tr>
<tr><td>धुपीचौर देखि पिप्ला गाँउसम्म मोटरबाटो निर्माण उपभोक्ता समिति</td><td>९,५०,०००.००</td></tr>
<tr><td>बहुला घाट निर्माण उपभोक्ता समिति</td><td>१४,२५,०००.००</td></tr>
<tr><td>जम्मा</td><td>४२,७५,०००.००</td></tr>
</table></td><td>४२,७५,०००.००</td></tr>
<tr><td>३०.</td><td>सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ८४ मा ५ लाख भन्दा बढीको निर्माण वा खरिद</td><td></td></tr>
</table>

<table>
<tr><th colspan="3">ठुली भेरी नगरपालिका, डोल्पा</th></tr>
<tr><th>दफा</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td></td><td>गर्दा शिलबन्दी वा बोलपत्रको माध्यमबाट गर्नुपर्ने उल्लेख छ । आर्थिक कार्यबिधि नियमावली, २०६४ को नियम ७६(३) मा सामान्यतया कार्यालय प्रमुखले आफै पेश्की लिन नहुने उल्लेख छ । निमित्त कार्यकारी अधिकृत केशव बहादुर सुनारले निम्न भौचर र मितिबाट फर्निचर खरिद गर्न एक बर्ष अगाडि लिएको पेश्की रु.२०,००,०००।०० लेखापरीक्षण अवधिसम्म असुल फछ्यौट भएको नदेखिएकोले आर्थिक कार्यबिधि नियमावली,२०६४ को नियम ७४ अनुसार असुल फछ्यौट गर्नुपर्ने रु.
<table>
<tr><th>पेश्की लिएको भौ.न.। मिति</th><th>पेश्की रकम</th></tr>
<tr><td>४/२०७४/५/११</td><td>५०००००.००</td></tr>
<tr><td>५/२०७४/६/४</td><td>५०००००.००</td></tr>
<tr><td>६/२०७४/६/४</td><td>५०००००.००</td></tr>
<tr><td>७/२०७४/६/४</td><td>५०००००.००</td></tr>
<tr><td>जम्मा</td><td>२००००००.००</td></tr>
</table></td><td>२०,००,०००.००</td></tr>
<tr><td>३१.</td><td>आर्थिक कार्यबिधि नियमावली,२०६४ को नियम ३६ मा रकम खर्च गर्दा रितपुर्वक बिल भरपाई रहे नरहेको प्रमाणित गरी लेखा राख्नुपर्ने उल्लेख छ । नगरपालिकाले निम्न भौचर र मितिबाट रु.९,००,०००।०० खर्च लेखेकोमा खर्च लेख्न पाउने पुष्ट्याई सहितको बिल भरपाई र फाँटवारी पेश भएको छैन । खर्चको प्राविधिक मूल्याँकन तथा बिल भरपाई पेश गर्नुपर्ने अन्यथा असुलउपर गर्नुपर्ने रु.
<table>
<tr><th>भौ.न.।मिति</th><th>भुक्तानी लेखेको पार्टीको नाम</th><th>खर्च रकम</th></tr>
<tr><td>८/२०७४/६/४</td><td>जुफाल बसपार्क</td><td>४,००,०००.००</td></tr>
<tr><td>९/२०७४/६/४</td><td>नेक्स्ट कन्स्ट्रक्सन प्रा.ली.</td><td>५,००,०००.००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>९,००,०००.००</td></tr>
</table></td><td>९,००,०००.००</td></tr>
<tr><td>३२.</td><td>आयकर ऐन, २०५८ को दफा ८८ मा परामर्शदातालाई रकम भुक्तानी गर्दा मुल्य अभिबृद्धि करमा दर्ता भएको भए १.५ प्रतिशत र मुल्य अभिबृद्धि करमा दर्ता नभएको भए १५ प्रतिशतको दरले अग्रिम करकट्टी गर्नुपर्ने व्यवस्था छ । नेक्स्ट कन्स्ट्रक्सन प्रा.लि. लाई भुक्तानी दिएको रकम रु.५,००,०००।०० मा प्रा.लि.को दर्ता पहिचान नभएकोले ऐन अनुसार १५ प्रतिशतको दरले हुने रु.७५०००।०० अग्रिम कर कट्टी गरेको नदेखिएकोले छुट कर असुलउपर गर्नुपर्ने रु.</td><td>७५०००.००</td></tr>
<tr><td>३३.</td><td>सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७(१) मा रु.१ करोड सम्मको लागत अनुमान</td><td>९५,००,०००.००</td></tr>
</table>

**ठुली भेरी नगरपालिका, डोल्पा**

| दफा | विवरण | रकम |
|---|---|---|
| | भएको निर्माण कार्य वा सो सम्बन्धि सेवा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गराउन सकिने उल्लेख छ। उपनियम (क) मा उल्लेखित रु.१ करोड रुपैया सम्मको लागत अनुमानमा मूल्य अभिबृद्धि कर, ओभरहेड, कन्टिजेन्सी रकम र जनसहभागीताको अंश समेतको रकम समावेश हुने उल्लेख छ। नगरपालिकाले उपरोक्त नियमको वेवास्ता गर्दे रु.१,१९,८३,३४६।२० को लागत अनुमान जनश्रमदान सहितको अनुदान(मु.अ.कर, ओभरहेड बाहेक) तयार गरी जुफाल देखि माझफालसम्मको बाटो निर्माण गर्न मोटर निर्माण उपभोक्ता समितिसँग सम्झौता गरेको देखियो । नियमले प्रष्ट गरेको बिषयलाई पालना नगरी गरेको कार्य गरेबापत उपभोक्ताले पेश गरेको रु.१,०९,८०,७६०।७० मुल्यको ठेक्का बिल एंव कार्य सम्पन्न प्रतिवेदनको आधारमा रु.९५,००,०००।०० भुक्तानी दिएको अनियमित देखिएको रु. | |
| ३३.१ | सार्वजनिक खरिद ऐन,२०६३ को दफा ५४ तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११८ मा खरिद संम्झौता गर्दाको बखत पुर्वानुमान गर्न नसकिएको परिस्थिति सो संम्झौता कार्यान्वयनको क्रममा सिर्जना भई काम थपघट वा नया आइटम थप गर्नुपर्ने भएमा यस नियमावली बमोजिमको प्रक्रिया पुरा गरी भेरिएसन आदेश जारी गर्नुपर्ने उल्लेख छ। नगरपालिकाले लागत अनुमान तयार गर्दाको अवस्थामा मानिसबाट काम गराउने उल्लेख गरी परीमाण र दर तय भएकोमा उपभोक्ता समितिले नगरपालिकाको स्वीकृत बेगर एक्साभेटर प्रयोग गरी परिमाण बढाई मेशिनको जिल्ला दररेट राखी रकम भुक्तानी लिएको छ । संम्झौता गर्दाको अवस्थाको शर्तलाई बेवास्ता गरी नगरपालिकाको स्विकृत र समर्थन बिनानै मेशिनबाट गराएको कामलाई मान्यता दिई सम्पुर्ण कामको जाचपास गरी भुक्तानी गरेको देखियो । | |

| संम्झौता गर्दाको अवस्थाको बिवरण | | | | | ठेक्का बिल/कार्य सम्पन्न/भुक्तानी अवस्थाको बिवरण | | |
|---|---|---|---|---|---|---|---|
| सि.न. | कामको बिबरण | परिमाण | दर | रकम | परिमाण | दर | रकम |
| १ | साधारण माटो काट्ने काम | ९८९४ | ३३०.०० | ३२६५०२०.०० | २३११७.४७ | १३०.०० | ३००५२७१.०० |
| २ | कडा माटो ग्राभेल हटाउने काम | ५४०७.२० | ३९६.०० | २१४१२५१.२० | १६२४८.२० | १५०.०० | २४३७२२९.०० |
| ३ | सामान्य चट्टान काट्ने काम | ४४१८.१५ | १३२०.०० | ५८३१९५८.०० | १२५२३.३३ | २००.०० | २५०४६६६.०० |
| ४ | मध्यम स्तरको चट्टान काट्ने काम | २८१.७५ | २७४०.०० | ७७१९९५.०० | ७४२३.५७ | ४००.०० | २९६९४२८.०० |

<table>
<tr><th colspan="3">ठुली भेरी नगरपालिका, डोल्पा</th></tr>
<tr><th>दफा</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td></td><td>
<table>
<tr><td>५</td><td>कडा चट्टान काट्ने काम</td><td>०.००</td><td>११२२०.००</td><td>०.००</td><td>४२.६०</td><td>८००.००</td><td>२४०८०.००</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>१२०१०२२४.२०</td><td colspan="2">जम्मा</td><td>१०९४०६७४.११</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३३.२</td><td>मुल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा १७ मा मु.अ.करमा दर्ता भएका फर्मले रितपूर्वक करबिजक जारी गर्नुपर्दछ । साथै मूल्य अभिबृद्धि करमा दर्ता भएको फर्मबाट निर्माण कार्य गराँउदा वा सेवा लिदा आयकर ऐन,२०५८ को दफा ८८ अनुसार १.५ प्रतिशतको दरले श्रोतमानै अग्रिम करकट्टी गर्नुपर्ने व्यवस्था छ । उपभोक्ताको नामबाट निर्माण व्यवसायी मौसम एण्ड हरिस निर्माण सेवाका प्रोपराईटर अर्थात जे.सि.बि.का मालिक बिर चन्द्र डाँगीले सेतो कागजमा भरपाई गरी रु.९५,००,०००।०० एक्साभेटरको भाडा बापत रकम भुक्तानी लिएको देखियो । मुल्य अभिबृद्धि करमा दर्ता भएको निर्माण व्यवसायिको एक्साभेटर भाडामा लिई रकम भुक्तानी गर्दा निजले भुक्तानी रकममा समावेश भएको मु.अ.कर रु.१०९२९२०।३५ करदाता सेवा केन्द्र वा आन्तरिक राजस्व कार्यालयमा बुझाएको प्रमाण पेश गर्नुपर्ने र आयकर ऐन,२०५८ अनुसार बिल रकम रु.८४०७०८०।०० मा १.५ प्रतिशतको दरले हुने कर रु.१२६१०६।२० कट्टी नगरेकोले छुट कर समेत रु.१२१९०२६।५५ सम्बन्धितबाट असुलउपर गर्नुपर्ने रु.</td><td>१२१९०२६.५५</td></tr>
<tr><td>३३.३</td><td>उपभोक्ता समितिलाई रकम उपलब्ध गराउदा संम्झौता अनुसार गर्नुपर्दछ । संम्झौतामा कुल लागत अनुमानको ८० प्रतिशत उपलब्ध गराउने गरी रु.११९८३३४६।२० को रु.९५ लाख दिने उल्लेख भएको थियो । उपभोक्ताको नामबाट पेश भएको ठेक्का बिल र कार्य सम्पन्न प्रतिवेदनमा कूल काम रु.१०९५०६७०.२० भएको देखाएको छ । कार्य सम्पन्न भएको प्रतिवेदनको आधारमा अनुपातिक रुपमा ८० प्रतिशतले हुने रु.८६६०५३६.१६ मात्र भुक्तानी दिनुपर्नेमा संम्झौता अनुसार पुरै रु.९५ लाख भुक्तानी दिएकोले बढी भुक्तानी भएको रु.७३९४६३.८४ उपभोक्ता समितिबाट असुलउपर गर्नुपर्ने रु.</td><td>७३९४६३.८४</td></tr>
<tr><td>३४.</td><td>सार्वजनिक खरिद ऐन,२०६३ को दफा ५४ तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११८ मा खरिद संम्झौता गर्दाको बखत पुर्वानुमान गर्न नसकिएको परिस्थिति सो संम्झौता कार्यान्वयनको क्रममा सिर्जना भई काम थप घट वा नया आईटम थप गर्नुपर्ने भएमा यस नियमावली बमोजिमको प्रक्रिया पुरा गरी भेरिएसन आदेश जारी गर्नुपर्ने उल्लेख छ । नगरपालिकाले लागत अनुमान तयार गर्दाको अवस्थामा मानिसबाट काम गराउने उल्लेख गरी परीमाण र दर तय भएकोमा तलकुना लालिता हुदै जिऊसम्म मोटरबाटो निर्माण उपभोक्ता समितिले नगरपालिकाको स्वीकृत बेगर एक्साभेटर प्रयोग गरी परीमाण बढाई मेशिनको जिल्ला दररेट राखी रु.३८,००,०००।०० भुक्तानी लिएको छ । संम्झौता गर्दाको अवस्थाको शर्तलाई बेवास्ता गरी नगरपालिकाको स्विकृत र समर्थन बिनानै मेशिनबाट गराएको कामलाई मान्यता दिई सम्पुर्ण कामको जाचपास गरी भुक्तानीको लागि सिफारिस गर्ने कर्मचारी र भुक्तानी दिनेलाई कानुनी कारबाही हुनुपर्ने र नियम बिपरीत कार्य गराएको अनियमित रु.</td><td>३८०००००.००</td></tr>
<tr><td></td><td>
<table>
<tr><th>संम्झौता गर्दाको अवस्थाको बिवरण</th><th>ठेक्का बिल/कार्य सम्पन्न/भुक्तानी</th></tr>
</table>
</td><td></td></tr>
</table>

| ठुली भेरी नगरपालिका, डोल्पा | | |
|---|---|---|
| **दफा** | **विवरण** | **रकम** |

| | | | | | अवस्थाको बिवरण | | |
|---|---|---|---|---|---|---|---|
| **सि.न.** | **कामको बिवरण** | **परिमाण** | **दर** | **रकम** | **परिमाण** | **दर** | **रकम** |
| १ | साधारण माटो काट्ने काम | २४३३ | ३३०.०० | ८०२८९०.०० | ५२४३ | १३०.०० | ६८१५९०.० |
| २ | कडा माटो ग्राईभेल हटाउने काम | २७१३ | ३९६.०० | १०७४३४८.०० | ४९६१.५ | १५०.०० | ७४४२२५.०० |
| ३ | सामान्य चट्टान काट्ने काम | १२३२ | १३२०.०० | १६२६२४०.०० | ३०४५ | २००.०० | ६०९०००.० |
| ४ | मध्यम स्तरको चट्टान काट्ने काम | २४४ | २६४०.०० | ६४४१६०.० | २५८१ | ४००.०० | १०३२४००.० |
| ५ | कडा चट्टान काट्ने काम | ५७.५० | ११२२०.०० | ६४५१५०.०० | १२०२ | ८००.०० | ९६१६००.० |
| | | | | **जम्मा** ४७९२७८८.०० | | | **जम्मा** ४०२८८१५.०० |

| दफा | विवरण | रकम |
|---|---|---|
| ३४.१ | मुल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा १७ मा मु.अ.करमा दर्ता भएका फर्मले रितपूर्वक करबिजक जारी गर्नुपर्दछ । साथै मूल्य अभिबृद्धि करमा दर्ता भएको फर्मबाट निर्माण कार्य गराँउदा वा सेवा लिदा आयकर ऐन,२०५८ को दफा ८८ अनुसार १.५ प्रतिशतको दरले श्रोतमानै अग्रिम करकट्टी गर्नुपर्ने व्यवस्था छ । उपभोक्ताको नामबाट निर्माण व्यवसायी मौसम एण्ड हरिस निर्माण सेवाका प्रोप्राईटर अर्थात जे.सि.बि.का मालिक बिर चन्द्र डाँगीले सेतो कागजमा भरपाई गरी रु.३८,००,०००।०० एक्साभेटरको भाडा बापत रकम भुक्तानी लिएको देखियो । मुल्य अभिबृद्धि करमा दर्ता भएको निर्माण व्यवसायिको एक्साभेटर भाडामा लिई रकम भूक्तानी गर्दा निजले भुक्तानी रकममा समावेश भएको मु.अ.कर रु.४,३७,१६८।१४ करदाता सेवा केन्द्र वा आन्तरिक राजस्व कार्यालयमा बुझाएको प्रमाण पेश गर्नुपर्ने र आयकर ऐन,२०५८ अनुसार बिल रकम रु.३३,६२,८३१।८५ मा १.५ प्रतिशतको दरले हुने कर रु.५०,४४२।४८ कट्टी नगरेकोले छुट कर समेत रु.४,८७,६१०।६२सम्बन्धितबाट असुलउपर गर्नुपर्ने रु. | ४,८७,६१०.६२ |
| ३५. | उपभोक्ता समितिलाई रकम उपलब्ध गराउदा संम्झौता अनुसार गर्नुपर्दछ । संम्झौतामा कुल लागत अनुमानको ८० प्रतिशत उपलब्ध गराउने गरी रु.४७,९२,८६।०० को रु.३८लाख दिन उल्लेख भएको थियो । उपभोक्ताको नामबाट पेश भएको ठेक्का बिल र कार्य सम्पन्न प्रतिवेदनमा कूल काम रु.४०,२८,८१५।०० भएको देखाएको छ । कार्य सम्पन्न भएको प्रतिवेदनको आधारमा अनुपातिक रुपमा ८० प्रतिशतले हुने रु.३२,२३,०५२।०० मात्र भुक्तानी दिनुपर्नेमा संम्झौता अनुसार पुरै रु.३८ लाख भुक्तानी दिएकोले बढी भुक्तानी भएको रु.५,७६,९८४।०० उपभोक्ता समितिबाट | ५,७६,९८४.०० |

| ठुली भेरी नगरपालिका, डोल्पा | | |
|---|---|---|
| **दफा** | **विवरण** | **रकम** |
| | असुलउपर गर्नुपर्ने रु. | |
| ३६. | सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७(१) मा रु.१ करोड सम्मको लागत अनुमान भएको निर्माण कार्य वा सो सम्बन्धि सेवा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गराउन सकिने उल्लेख छ। उपनियम (क) मा उल्लेखित रु.१ करोड रुपैया सम्मको लागत अनुमानमा मूल्य अभिबृद्धि कर ओभरहेड कन्टिजेन्सी रकम र जनसहभागीताको अंश समेतको रकम समावेश हुने उल्लेख छ । नगरपालिकाले उपरोक्त नियमको वेवास्ता गर्दे रु.१,१२,७२,८१५।९८ को लागत अनुमान जनश्रमदान सहितको अनुदान(मु.अ.कर ओभरहेड बाहेक) तयार गरी जुफाल देखि माझफालसम्मको बाटो निर्माण गर्न मोटर कार्य निर्माण उपभोक्ता समितिसँग सम्झौता गरेको देखियो । नियमले प्रष्ट गरेको बिषयलाई पालना नगरी कार्यालयले लागत अनुमान तयार गरी उपभोक्तासँग सम्झौता गरेको कार्य अनियमित देखियो । | |

| **संम्झौता गर्दाको अवस्थाको बिवरण** | | | | | **ठेक्का बिल/कार्य सम्पन्न/भुक्तानी अवस्थाको बिवरण** | | |
|---|---|---|---|---|---|---|---|
| **सि.न.** | **कामको बिवरण** | **परिमाण** | **दर** | **रकम** | **परिमाण** | **दर** | **रकम** |
| १ | साधारण माटो काट्ने काम | ६०८६.६३ | ३३०.०० | २००८५८७.९० | १०५०५.५० | १३०.०० | १३६५७१५.०० |
| २ | कडा माटो ग्राईभेल हटाउने काम | ४९५०.७५ | ३९६.०० | १९६०४९७.०० | ११०२६.४० | १५०.०० | १६५३९७१.२५ |
| ३ | सामान्य चट्टान काट्ने काम | २६६४.३८ | १३२०.०० | ३५१६९८१.६० | ९४४१.४३ | २००.०० | १८८८२८५.०० |
| ४ | मध्यम स्तरको चट्टान काट्ने काम | ३११.६३ | २६४०.०० | ८२२७०३.२० | २८०८.३५ | ४००.०० | ११२३३४०.०० |
| ५ | कडा चट्टान काट्ने काम | २१४.१३ | ११२२०.०० | २४०२५३८.६० | ३६३.७५ | ८००.०० | २९१०००.०० |
| ६ | ग्याबिन बक्स(२×१×१) | १४ | ४९०९.०० | ६८७२६.० | २०.०० | ४९०९.० | ९८१८०.०० |
| ७ | ग्याबिन फिलिङ्ग | २८ | ७२९९.०० | २०४३७२.० | ४०.० | ७२९९.०० | २९१९६०.० |

<table>
<tr><th colspan="3">ठुली भेरी नगरपालिका, डोल्पा</th></tr>
<tr><th>दफा</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td></td><td>
<table>
<tr><td>८</td><td>पुलको काम</td><td>७.०२</td><td>४१०८४.००</td><td>२८८४०९.६८</td><td>१६.२०</td><td>४१०८४.००</td><td>६६५५६०.८०</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>११२७२८१५.९८</td><td colspan="2">जम्मा</td><td>७३७८०१२.०५</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३६.१</td><td>सार्वजनिक खरिद ऐन,२०६३ को दफा ५४ तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११८ मा खरिद संम्झौता गर्दाको बखत पुर्वानुमान गर्न नसकिएको परिस्थिति सो संम्झौता कार्यान्वयनको क्रममा सिर्जना भई भेरिएशन जारि गर्नुपर्ने भएमा यस नियमावली बमोजिमको प्रक्रिया पुरा गरी कार्य गराउनुपर्ने उल्लेख छ । नगरपालिकाले लागत अनुमान तयार गर्दाको अवस्थामा मानिसबाट काम गराउने उल्लेख गरी परीमाण र दर तय भएकोमा दुनै जुफाल भित्ती पारङ्ग डाङ्गी बाडा सडक स्तर उन्नती निर्माण उपभोक्ता समितिले नगरपालिकाको स्वीकृत बेगर एक्साभेटर प्रयोग गरी परीमाण बढाई मेशिनको जिल्ला दररेट राखी रु.७२,५०,०००।०० भुक्तानी लिएको छ । संम्झौता गर्दाको अवस्थाको शर्तलाई बेवास्ता गरी नगरपालिकाको स्विकृती र समर्थन बिनानै मेशिनबाट गराएको कामलाई मान्यता दिई सम्पुर्ण कामको जाचपास गरी भुक्तानीको लागि सिफारिस गर्ने कर्मचारी र भुक्तानी दिनेलाई कानुनी कारबाही हुनुपर्ने र नियम बिपरीत निर्माण कार्य गराएको अनियमित देखिएको रु.</td><td>७२,५०,०००.००</td></tr>
<tr><td>३६.२</td><td>मुल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा १७ मा मु.अ.करमा दर्ता भएका फर्मले रितपुर्वक करबिजक जारी गर्नुपर्दछ । साथै मूल्य अभिबृद्धि करमा दर्ता भएको फर्मबाट निर्माण कार्य गराउदा वा सेवा लिदा आयकर ऐन,२०५८ को दफा ८८ अनुसार १.५ प्रतिशतको दरले श्रोतमानै अग्रिम करकट्टी गर्नुपर्ने व्यवस्था छ । उपभोक्ताको नामबाट निर्माण व्यवसायी मौसम एण्ड हरिस निर्माण सेवाका प्रोपराईटर अर्थात जे.सि.बि.का मालिक बिर चन्द्र डाँगीले सेतो कागजमा भरपाई गरी रु.७२,५०,०००।०० एक्साभेटरको भाडा बापत रकम भुक्तानी लिएको देखियो । मुल्य अभिबृद्धि करमा दर्ता भएको निर्माण व्यवसायिको एक्साभेटर भाडामा लिई रकम भुक्तानी गर्दा निजले भुक्तानी रकममा समावेश भएको मु.अ.कर रु.८,३४,०७०।८० करदाता सेवा केन्द्र वा आन्तरिक राजस्व कार्यालयमा बुझाएको प्रमाण पेश गर्नुपर्ने र आयकर ऐन,२०५८ अनुसार बिल रकम रु.६४,१५,९२९।२० मा १.५ प्रतिशतको दरले हुने कर रु.९६,२३८।९४ कट्टी नगरेकोले छुट कर समेत रु.९,३०,३०९।७४ उपभोक्ता समितिबाट असुलउपर गर्नुपर्ने रु.</td><td>९३०३०९.७४</td></tr>
<tr><td>३६.३</td><td>उपभोक्ता समितिलाई रकम उपलब्ध गराउदा संम्झौता अनुसार गर्नुपर्दछ । संम्झौतामा कुल लागत अनुमान रु.१,१२,७२,८१५।९८ को ६४.३१ प्रतिशत अर्थात रु.७२,५०,०००।०० दिने उल्लेख भएको थियो । उपभोक्ताको नामबाट पेश भएको ठेक्का बिल र कार्य सम्पन्न प्रतिवेदनमा कूल काम रु.७३,७८,०२१।९७ भएको देखाएको छ । कार्य सम्पन्न भएको प्रतिवेदनको आधारमा अनुपातिक रुपमा ६४.३१ प्रतिशतले हुने रु.४७,४४,८०५।९२ मात्र भुक्तानी दिनुपर्नेमा संम्झौता अनुसार पुरै रु.७२,५०,०००।०० भुक्तानी दिएकोले बढी भुक्तानी भएको रु.२५,०५,१९४।०७ उपभोक्ता समितिबाट असुलउपर गर्नुपर्ने रु.</td><td>.२५,०५,१९४.०७</td></tr>
<tr><td>३७.</td><td>उपभोक्तालाई सम्झौता अनुसार रकम भुक्तानी दिंदा कार्य गरेको फिल्डमा नापी गरी काम भएको</td><td></td></tr>
</table>

| ठुली भेरी नगरपालिका, डोल्पा | | |
|---|---|---|
| दफा | विवरण | रकम |
| | परीमाणको आधारमा दर विश्लेषण अनुसार तय भएको दरमा रकम भुक्तानी दिनुपर्दछ । देहायका उपभोक्ता समितिलाई कार्यालयले सम्झौता अनुसार निम्न आइटममा बढी दरमा रकम भुक्तानी दिंदा नगरापालिकालाई थप व्ययभार परेकोले उपभोक्ता समितिसंग असुलउपर गर्नुपर्ने रु. | १७,३८,११८।९८ |

| भौ.नं./मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | परिमाण | लागत अनुसारको दर | भुक्तानी दर | बढी दर | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|---|
| 102÷2075.03.21 | चाखा देखि शेरा सम्म मोटर बाटो निर्माण उ.स. | सुख्खा ढुगाको पर्खाल | 307=5 | 3200=00 | 3835 | 650 | 199875 |
| 110÷2075.3.31 | कैलास मन्दिर निर्माण उ.स. | • माटो ढुंगाको पर्खाल | 27=97 | 12090=0 | 11145 | 945 | 26431=65 |
| | | • काठको विम लगायतको कार्य | 2=26 | 54452=0 | 41222 | 13230 | 29899=80 |
| 109÷2075.3.31 | हुँ गाउँ देखि घट्टे खोला सम्म घो.बाटो नि.उ.स. | सुख्खा ढुगाको पर्खाल | 38=40 | 5215=00 | 3200 | 2015 | 77376=00 |
| 96÷2075.3.26 | फुनाल्दुवा देखि आँखे सम्मको वा.नि.उ.स. | • कडा चट्टान कटिङ्ग | 3=50 | 11220 | 7920 | 3300 | 11550=00 |
| | | • सुख्ख ढुगाको पर्खाल | 135 | 5720=00 | 3025 | 2695 | 363825=00 |
| 94÷2075.3.26 | बाबिटो आधारभूत विद्यालय | काठको विम लगायतको काम | 5=74 | 50680=0 | 37450 | 13230 | 75940=20 |
| 93÷2075.3.25 | आँखे खोला लघु जल विद्युत नि.उ.स. | ढुंगाको सुख्खा पर्खाल | 22=50 | 7974 | 3195 | 4779 | 107527=50 |
| 91÷2075.3.26 | कागा सिङका हुँदै खार्कासम्म कुलो .नि.उ.स. | कडा चट्टान काट्ने | 16=92 | 11227 | 7920 | 3300 | 55836=00 |
| 77÷2075.3.20 | जाप्ला देखि लोटियासम्म घेराबार | सुख्खा ढुंगाको पर्खाल | 99=45 | 5970=00 | 3195 | 2775 | 275997=00 |

## ठुली भेरी नगरपालिका, डोल्पा

| दफा | विवरण | रकम |
|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | नि.उ.स. | | | | | | |
| 76÷2075 .3.20 | विडियान विद्यालय भवन नि.उ.स. | ढुंगा र माटो को पर्खाल | 88=41 | 13470 .00 | 918= 2 | 428 8 | 37910 2=08 |
| 75÷2075 .3.20 | विद्या मन्दिर आधारभूत विद्यालय भवन नि.उ.स. | ढुंगा र माटो को पर्खाल | 98=05 | 13044 | 1166 9 | 137 5 | 13481 8=75 |
| | | | | | | **जम्मा** | **17,38 ,118= 98** |

३८. कार्यालयले बाटो, तटबन्ध, तथा खानेपानी निर्माण लगायतका काम गर्नको लागि उपभोक्ता समितिसँग भएको सम्झौता अनुसार नबढ्ने गरी भएको कामको आधारमा रकम भुक्तानी गर्नुपर्दछ । देहायका उपभोक्ता समितिले खदिर गरेको ग्याविन बक्स भन्दा बढी संख्यामा खरिद तथा ग्याबिन बक्स फिलिङ्ग गरेको देखाई रकम भुक्तानी गरेकोले नगरपालिकालाई थप व्ययभार पारेको हुँदा उक्त बढी भुक्तानी रकम सम्बन्धित उपभोक्ता समितिसंग असुलउपर गर्नुपर्ने रु.

| भौ.नं. /मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | भएको परिमाण | हुनपर्ने परिमाण | बढी परिमाण | दर | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|---|
| 113÷ 2075 .3.3 1 | गैरीगाड देखि सालधारासम्म घो.बा. नि.उ.स. | • ग्याविन बक्स खरिद | 28 | 22 | 6 | 5407=58 | 32445=48 |
| | | • ग्याविन फिलिङ्ग | 56 | 44 | 12 | 8678=40 | 104140=80 |
| 99÷2 075. 3.9 | विडी थान मन्दिर नि.उ.स. | ग्याविन बक्स खरिद | 62 | 18 | 44 | 4995=30 | 219793.20 |
| | लालिगुराँस आवासिय विद्यालय | ग्याविन फिलिङ्ग | 62 | 36 | 26 | 4265=00 | 110890.00 |
| 88÷2 075. 3.25 | घेरावार निर्माण उ.स. | ग्याविन बक्स खरिद | 28 | 14 | 14 | 5575=60 | 78058.40 |
| | | | | | | **जम्मा** | **5,45,327. 88** |

रकम: ५,५४,३२७.८८

३९. घट्टेदेखि तर्पूखोलासम्म मोटर बाटो नि.उ.स.लाई मोटर बाटो निर्माण गरे वापत उपभोक्ताले पेश गरेको ठेक्का बिल एवं कार्यसम्पन्न प्रतिवेदनको आधारमा कार्यालयको अंश रु.२८ लाख भुक्तानी दिएको छ । उपभोक्ताले पेश गरेको फाँटवारीमा उपभोक्ताले रु.४५,५४,६४०।- को मात्र ज्यामी ज्यालको मस्टररोलबाट काम गरेको देखियो । कार्य सम्पन्न ७६,३६८।-प्रतिवेदनमा रु.४८,३१,००८।४० देखिएकोले नपुग बिल रु.७६,३६८।- अर्थात वास्तविक काम भन्दा बढी भुक्तानी

रकम: ७६,३६८।-

| ठुली भेरी नगरपालिका, डोल्पा | | |
|---|---|---|
| **दफा** | **विवरण** | **रकम** |
| | भएकोले बढी भुक्तानी भएको रकम उपभोक्ता समितिबाट असुलउपर गर्नुपर्ने रु. | |
| ४०. | मित्रखोला खानेपानी योजना उपभोक्ता समितिलाई खानेपानीको निर्माण सम्पन्न भई उपभोक्ताले पेश गरेको ठेक्का बिल एवं कार्य सम्पन्न प्रतिवेदनको आधारमा कार्यालयनको अश रु.४,७५,०००।- भुक्तानी दिएको छ । उपभोक्ताले पेश गरेको संलग्न फांटवारीमा पाईप खनेर पुर्ने काम ९०० मिटर मात्र भएकोमा १२०० मिटर पाईप प्रयोग गरेको देखाई ३०० मिटरको प्रतिमिटर रु.३२२।०० को दरले हुने रु.९६,६०६।- बढी भुक्तानी लिएको हुँदा बढी भुक्तानी भएको रकम उपभोक्ता समितिबाट असुलउपर गर्नुपर्ने रु. | ९६,६०६।- |
| ४१. | रह स्वास्थ्य चौकी भवन निर्माण उपभोक्ता समितिसंग रु.४३,५४,९५८।७४ को लागतमा भवन निर्माण गर्ने गरी सम्झौता भएको थियो । उपभोक्ता समितिले रु.१६,१२,०७२।२१ मूल्यको काम भएको ठेक्का बिल एवं कार्य सम्पन्न प्रतिवेदन पेश गरेको छ । सम्झौता अनुसार कम काम भएपछि रु.१२,८९,६५७।७६ हुनेमा रु.१४,२५,०००।- भुक्तानी गरेकोले रु.१३५,३४२।२३ बढी भुक्तानी दिएको देखियो । सम्झौता अनुसार कम काम गरेमा समानुपातिक कट्टी गरी रकम भुक्तानी दिनुपर्नेमा बढी भुक्तानी दिएको रकम उपभोक्ता समितिबाट असुलउपर गर्नुपर्ने रु. | १३५,३४२।२३ |
| ४२. | कार्यालयले हुने मुनी मुलबाट रमाना हुँदै ओग्नेरीसम्म खानेपनी निर्माण उ.स.लाई खानेपानीको कार्य सम्पन्न गरे वापत निर्माण बिल एवं कार्यसम्पन्न प्रतिवेदनको आधारमा कार्यालयको अंश रु४,७५,०००।- भुक्तानी दिएकोमा उपभोक्ताले पेश गरेको फाँटवारीसंग सम्बन्धित बिलमा २० एम एमको ६ के.जी. १५०० मिटर पाइप प्रयोग भएको देखाएको छ । तर सोही बिलमा खनेर पुर्ने काम ७५० मिटर मात्र भएकोले बढी पाइप खर्च ७५० मिटर देखाएको प्रति मिटर रु.३२२।७८ का दरले हुने रु.२,४२,०८५।- उपभोक्ता समितिलाई बढी भुक्तानी भएकोले बढी भुक्तानी भएको रकम उपभोक्ता समितिबाट असुलउपर गर्नुपर्ने रु. | २,४२,०८५।०० |
| ४३. | औली परिला देखि लेख बिजुली लाईन विस्तार निर्माण उपभोक्ता समितिलाई विजुली पोलमा काम गरे वापत उपभोक्ताले पेश गरेको बिल एवं कार्यसम्पन्न प्रतिवेदनको आधारमा रु.१९ लाख भुक्तानी दिएको छ । ठेकेदारले पेश गरेको फाँटवारीमा बिजुलीपोल खरिद, ढुवानी तथा गाड्ने कामको दर विश्लेषण तथा लागत अनुमान तयार गरेको प्रमाण पेश भएन । लागत अनुमान तयार नगरी उपभोक्ता समितिसंग सम्झौता गरी रकम भुक्तानी दिने काम नियमसँगत र मितव्यायी छ भन्न सक्ने आधार भएन । | |
| ४३.१ | उपभोक्ताले पेश गरेको ठेक्का बिलमा पोलमा खाल्डो खन्नेकाम १०० घनमिटर देखाएको छ । १५ गोटा पोलको लागी ३० घन मिटर मात्र खाल्डो खने पुग्नेमा ७० घनमिटर बढी खाल्डो खनेको देखाई प्रति रु.३९६।- का दरले हुने रु. २७,७२०।- र १५ गोटा पोलमा को प्रति रु.३६९०।- को दरले ५५,३५०।- मात्र फिटिङ्ग खर्च लेख्नु पर्नेमा रु.१,८४,५००।- लेखेको बढी खच र्रु. १,२९,१५०।- समेत रु.१,५६,८७०।- बढी भुक्तानी भएकोले बढी भुक्तानी भएको रकम असुल उपभोक्ता समितिबाट असुलउपर गर्नुपर्ने रु. | १,५६,८७०।- |
| | **कर्णाली रोजगार कार्यक्रम** | |
| ४४. | नेपाल सरकारबाट कर्णाली रोजगार कार्यक्रम संचालन गर्न सशर्त अनुदान तर्फ.रु.१,६०,००,०००।- | १९,८०,२४४।- |

<table>
<tr><th colspan="3">ठुली भेरी नगरपालिका, डोल्पा</th></tr>
<tr><th>दफा</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td></td><td>बजेट व्यवस्था भई निकासा भएकोमा रु.१,४०,१९,७५६।- खर्च भएको छ । बाँकी बजेट रु.१९,८०,२४४।- कोष तथा लेखा नियन्त्रण कार्यालयमा फिर्ता गर्नुपर्नेमा लेखापरीक्षण अवधिसम्म फिर्ता नभएको उक्त रकम बेरुजु वापत दाखिला हुनुपर्ने रु.</td><td></td></tr>
<tr><td>४५.</td><td>लेखा अधिकृत सन्तोष खड्कालाई रु.१,२५,०००।- भुक्तानी दिएकोमा । यस भौचरबाट निजलाई भुक्तानी दिनुपर्ने प्रयोजन र खर्चका बिल भरपाई फाँटवारी पेश नभएकोले पेश्की समेत कायम नगरेकाले निजबाट उक्त रकम असुलउपर गर्नुपर्ने रु.</td><td>१,२५,०००/-</td></tr>
<tr><td>४६.</td><td>कुपुदेरा खारा गाउँ घरेबार निर्माण उपभोक्ता समितिलाई घेरावार गर्न रु.४,४४,४१२।८० भुक्तानी दिएकोमा उपभोक्तासंग भएको सम्झौता, लागत अनुमान, ठेक्का विज्ञ एवं कार्यसम्पन्न प्रतिवेदन सहितको फाँटवारी पेश नभएकोले सो पेश हुनुपर्ने अन्यथा असुलउपर गर्नुपर्ने रु</td><td>४,४४,४१२/-</td></tr>
<tr><td>४७.</td><td>स्थानीयस्तरमा पूर्वाधार विकास गरी जीवनस्तरमा सुधार ल्याउने र विपन्न परिवारलाई रोजगारी समेत दिने उद्देश्यले यो कार्यक्रम संचालन भएको हो । नगरपालिकाले स्थानीय स्तरमा बाटो लगायतको पूर्वाधार तर्फ बजेट खर्च नगरी नीजी जग्गामा चौपायबाट बालीनाली जोगाउने नाममा दुंगाको घेराबार गरी रु.१,१७,२२,९४१।५६ खर्च गरेको देखियो । यसरी सीमित परिवारको जग्गा जमिन घेरावार गरी रकम खर्च गरेको देखिदा कार्यक्रम को उद्देश्यसंग मेल खाएको देखिएन । यस्तो खर्चको बारे तालुक निकायबाट छानविन समेत हुनुपर्ने देखियो ।
<table>
<tr><th>भौ.नं.मिति</th><th>उपभोक्ता समितिको नाम</th><th>खर्च रकम</th></tr>
<tr><td>९।२०७५।९।२०</td><td>कपुदेरा खारागाउँ घेराबाट निर्माण उ.स.</td><td>४,४४,४१२/८०</td></tr>
<tr><td>१०।२०७५।३।२०</td><td>फूलरा बस्ने डाँडा हुँदै खड्का सम्म घेराबार निर्माण उ.स.</td><td>१३,४९,२३८/४०</td></tr>
<tr><td>११।२०७५।३।२०</td><td>माझझाल देखि खिल्चेन सम्म घेरावार नि.उ.स.</td><td>६,७४,३४१/०९</td></tr>
<tr><td>१२।२०७५।३।२०</td><td>माझवाटा देखि खिल्टयाना सम्म घेराबार नि.उ.स.</td><td>१३,४८,६८२/१३</td></tr>
<tr><td>१४।२०७५।३।२०</td><td>घेरावारा देखी पोखेपानीसम्म घेराबार नि.उ.स.</td><td>९,३५,६१५/९६</td></tr>
<tr><td>१५।२०७५।३।२०</td><td>गोब्रेथान देखी पादुङ्ग सम्म घेरावार नि.उ.स.</td><td>९,४०,६१५/०९</td></tr>
<tr><td>१६।२०७५।३।२०</td><td>माझफाल देखी खिर्घन सम्म घेरावार नि.उ.स.</td><td>४,७६,३४१/०९</td></tr>
<tr><td>१७।२०७५।३।२०</td><td>स्वोरगने देखी झुला सम्म घेरावार नि.उ.स.</td><td>४,४४,४१२/८०</td></tr>
<tr><td>१८।२०७५।३।२५</td><td>राघिन हुँदै पानीमुद्दा सम्म घेरावार नि.उ.स.</td><td>४,४४,४१२/८०</td></tr>
<tr><td>१९।२०७५।३।२५</td><td>मोतिपुर हुँदै घेरावार नि.उ.स.</td><td>४,४४,४१२/८०</td></tr>
<tr><td>२०।२०७५।३।२८</td><td>बालिनाली वनजंगल संरक्षण घेरावार नि.उ.स.</td><td>२१,१०,२२८/३०</td></tr>
<tr><td>२१।२०७५।३।२८</td><td>तरकारी तथा फलफुल खेतीका लागी घेरावार नि.उ.स.</td><td>२१,१०,२२८/३०</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>१,१७,२२,९४१।५६</td></tr>
</table></td><td></td></tr>
<tr><td></td><td>पर्यटन पुर्वाधार तर्फः</td><td></td></tr>
<tr><td>४८.</td><td>तमदह देखि सुनदहसम्म पर्यटकीय पदमार्ग निर्माण उपभोक्त समितिलाई संझौता अनुसार उपभोक्ताले पेश गरेको ठेक्का बिल एवं कार्यसम्पन्न प्रतिवेदनको आधारमा कार्यालयको अंश रु.७,१२,५००।- भुक्तानी दिएको छ । उपभोक्ता समतिले पेश गरेको बिलमा हार्डकटीङ्ग २२.०८ घन मिटरको सडक विभागको २०४१ नर्म्स अनुसार १२ म्यानडेजले रु.७९२०।- को दरले रकम लिनुपर्नेमा रु.११२२०।०० को दरले रकम लिँदा प्रति घन मिटर दरले हुने रु.७२,८६४।०० र सुख्खा</td><td>४,७६,८२९/-</td></tr>
</table>

<table>
<tr><th colspan="3">ठुली भेरी नगरपालिका, डोल्पा</th></tr>
<tr><th>दफा</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td></td><td>ढुंगाको पर्खाल लगाँउने काम ८४.४० घनमिटर र दर बिश्लेषण अनुसार रु.३१९५।०० को दरले रु.२,६९,६५८।- मात्र भुक्तानी दिनुपर्नेमा रु.४,०४,१४५।- समेत रु.४,७६,८२९।- बढी भुक्तानी भएकोले बढी भुक्तानी भएको रकम उपभोक्ता समितिसंग असुलउपर गर्नुपर्ने रु.</td><td></td></tr>
<tr><td></td><td>३७०८०४३ (एकिकृत जिल्ला स्तरमा कार्यक्रम)</td><td></td></tr>
<tr><td>४९.</td><td>बिभिन्न स्वास्थ्य कार्यक्रम संचालन गर्न हे.अ. दयानन्द गौडलाई ७ गोश्वारा भौचरबाट विभिन्न मितिमा रु.६६,५२,९९०।- पेश्की दिएकोमा निजले पेश गरेको पेश्की फछ्र्यौटसंग सम्बन्धित फाँटवारी परिक्षण गर्दा रु.४४,९४,०५५।- मात्रको प्रमाणित बिल भपाई पेश भएको छ । पेश्की फछ्यौट अनुसार नपुग रु.२१,५४,९३५।- को कार्यक्रमसंग सम्बन्धित प्रमाणित बिल भपाई सहितको फाँटवारी पेश गर्नुपर्ने अन्यथा असुलउपर हुनुपर्ने रु.</td><td>२१,५४,९३५/–</td></tr>
<tr><td></td><td>३७००२३३ ( जिल्ला अस्पताल)</td><td></td></tr>
<tr><td>५०.</td><td>ल्या.अ. प्रकाश भण्डारीलाई कार्यालय समान खरिद गर्न रु.३,००,०००।- पेश्की दिएकोमा लेखापरिक्षण अवधिसम्म पनि असूल फछ्र्यौट नभएको हुँदा आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४ अनुसार असुल फछ्र्यौट हुनुपर्ने रु.</td><td>३००,०००/-</td></tr>
<tr><td>५१.</td><td>निम्न भौ.नं. र मितिबाट देहायको शिर्षकमा रकम सापटी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि सापटी रकम फिर्ता भएको नदेखिएकोले उक्त रकम फिर्ता गर्नुपर्ने रु.
<table>
<tr><th>भौ.न.।मिति</th><th>बिषय</th><th>सापटी रकम</th></tr>
<tr><td>२६/०७५/३/२१</td><td>शिक्षातर्फ नपुग तलब भत्ताको लागि</td><td>११,१४,७२२.४०</td></tr>
<tr><td>२७/०७५/३/२१</td><td>जेष्ठ नागरिकतर्फ सामाजिक सुरक्षा भत्ता बितरण गर्न</td><td>३५,५८,२००.००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>४६,७२,९२२/४०</td></tr>
</table></td><td>४६,७२,९२२/४०</td></tr>
<tr><td>५२.</td><td>आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा रकम खर्च लेख्दा, प्रमाणित बिल भपाई हुनुपर्ने र सोही अनुसार रकम भुक्तानी दिनपर्ने व्यवस्था छ । जिल्ला अस्तपतालका कर्मचारीहरुलाई ओभरटाइम तथा हर्जाड भत्ता वापत रु.८,३७,२५५।- खर्च लेखेकोमा सोको फाँटवारी पेश नभएकोले फाँटवारी पेश हुनुपर्ने रु.</td><td>८,३७,२५५/–</td></tr>
<tr><td>५३.</td><td>अस्पतालतर्फको कर्मचारीको रु.४,४२,७८०।- तलबखर्च लेखेको भौचरमा तलब भनी खर्च लेखेको तलब खर्चको नाम नामसी सहितको तेरीज नभएकोले सोको प्रमाण पेश हुनुपर्ने अन्यथा असुलउपर हुनुपर्ने रु.</td><td>४,४२,७८०/-</td></tr>
<tr><td>५४.</td><td>निम्न भौ.नं. र मितिबाट सामाजिक सुरक्षा कर र अग्रिम कर खर्च वापत बैंक नगदी किताबबाट खर्च लेखेपनि उक्त कर दाखिला भएको प्रमाण पेश नभएकोले दाखिला प्रमाण पेश हुनुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.
<table>
<tr><th>भौ.न.।मिति</th><th>बिषय</th><th>सापटी रकम</th></tr>
<tr><td>१८/०७५/३/२०</td><td>अग्रिम कर</td><td>३,१२,८३६.००</td></tr>
<tr><td>२४/०७५/३/२०</td><td>सामाजिक सुरक्षा कर</td><td>१७,२८४.००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>३,३०,१२०.००</td></tr>
</table></td><td>३,३०,१२०/००</td></tr>
</table>

| ठुली भेरी नगरपालिका, डोल्पा | | |
|---|---|---|
| **दफा** | **विवरण** | **रकम** |
| | **जिल्ला स्वास्थय तर्फ** | |
| ५५. | अर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(९) मा सरकारी रकम खर्च लेख्दा प्रमाणित विल भर्पाइ हुनुपर्ने र सोही आधारमा रकम भुक्तानी दिनुपर्ने व्यवस्था छ । कार्यालय सामान वापतरु.३,०१,७८४।८० रकम भुक्तानी दिएकोमा सोको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुलउपर गर्नुपर्ने रु. | ३,०१,७८४/८० |
| | **आयूर्वेद तर्फ** | |
| ५६. | निम्न भौ.नं. र मितिबाट दिपेन्द कुमार उपाध्ययलाई दिएको पेश्की रु.३,९१,०००।- लेखापरीक्षण अवधिसम्म असूल फछर्यौट भएको नदेखएिकोले आर्थिक कार्यविधि नियमावली, २०६४ को निमय ७४ अनुसार असूल फछर्यौट हुनुपर्ने रु. | ३,९१,०००/- |
| | **पशुसेवा तर्फ** | |
| ५७. | आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा बजेट तथा कार्यक्रम अनुसार खर्च गरी रितपुर्वकको बिल भरपाई जाँच गरी खर्च स्विकृत गरेर लेखा राख्नुपर्ने उल्लेख छ । टेक बहादुर केसीलाई औषधी खरिद, बधशाला निर्माण लगायतको काम गर्न दिएको पेश्की रु.१०,३०,०००।- फछ्र्योटसंग सम्बन्धित फाँटवारी परिक्षण गर्दा कुल बिल रु.९,५२,३९४।- पेश भएको छ । बिल भरपाई भन्दा बढी खर्च रु.७७,६०६/- निजबाट असुलउपर गरी राजस्व दाखिला गर्नुपर्ने रु. | ७७,६०६/- |
| | **बित्तिय समानिकरण चालुतर्फः** | |
| ५८. | **वजेट खर्च शीर्षकको पालनाः** लेखाको सिद्दान्त अनुसार वजेट तथा कार्यक्रम तयार गर्दानै सन्चालन र पूंजीगत खर्चको खर्च शीर्षकमा विनियोजन गर्नु पर्ने र सोको परिधि भित्र रही खर्च गर्नु पर्दछ । नगरपालिकाले अधिकांश भौचरमा स्टेशनरी तथा छपाई, इन्धन, मर्मत, कार्यालय सामान, विविध जस्ता छुट्टा छुटै खर्च शीषकमा खर्चहरुलाई लेखाको सिद्दान्त अनुसार लेखांकन नगरी सवै प्रकारका खर्चलाई कार्यालय सामान खर्चमा लेखांकन गरेको देखियो । खर्च शीर्षक अनुसार वजेट विनियोजन र खर्च नगरी हचुवाको भरमा खर्च गर्दै जाने हो भने अनावश्यक कार्यमा वढी र नगरी नहुने खर्च शीर्षकमा रकम अभाव हुन जाने भई खर्चमा सन्तुलन र नियन्त्रण कायम गर्न नसकिने हुंदा यस्तो | |

Table in दफा ५६:

| गो.भौ. र मिति | विवरण | रकम |
|---|---|---|
| ३।२०७४।५।२८ | औषधी खरिद | २,४०,०००/– |
| ३।२०७४।५।२८ | फर्निचर | १,०५,०००/- |
| ३।२०७४।५।२८ | पानी तथा विजुली | ४६,०००/– |
| | **जम्मा** | **३,९१,०००/–** |

| ठुली भेरी नगरपालिका, डोल्पा | | |
|---|---|---|
| **दफा** | **विवरण** | **रकम** |
| | कार्यमा सुधार गरी नियमसम्मत र पारदर्शी रुपमा खर्च गर्न कार्यालयले ध्यान दिनु पर्दछ । | |
| ५९. | आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम ३६ मा वार्षिक बजेट तथा कार्यक्रम अनुसार कार्यालयको आवश्यकताका आधारमा कार्यालय सामान, स्टेशनरी तथा छपाई लगायतका मालसामान खरिद गर्नुपर्ने र खरिद गरिएका मालसामानको बिल भरपाई रितपुर्वक रहे नरहेको जाँच गरी खर्च स्वीकृत गरेर लेखा राख्नुपर्ने उल्लेख छ । कार्यालयले निम्नानुसारका स्टेशनरी र कार्यालय सामान अत्याधिक मात्रामा खरिद गरी रु.१७४१२१०.००खर्च लेखेको देखियो । कार्यालयले उक्त सामान वडा कार्यालयलाई वितरण गर्न खरिद गरेको भन्ने जवाफ दिएकोमा ती सामान वडा कार्यालयमा दाखिला तथा खर्च भएको अभिलेख प्रमाण कुनै पेश भएको छैन । यस्तो खर्चमा आवश्यकता अनुसार मागफाराम, खरिद आदेश र दाखिला तथा खर्चको अभिलेखका आधारमा खरिद गरी खरिद कार्यमा नियन्त्रण गर्नुपर्दछ । निम्नानुसार मालसामान सोझै खरिद गरेकोमा सोको वडा कार्यालयमा दाखिला तथा खर्च प्रयोजन खुलाई प्रमाण पेश गर्नुपर्ने रु. | १७४१२१०.०० |

| गो.भा.नं.। मिति | खरिद विवरण | खर्च रकम |
|---|---|---|
| ४२-०७५/१/२५ | लक्ष्मी जनरल स्टोर्स जुफालबाटे ०७४।१०।४ र ०७५।१।४ मा मट्टितेल, चिनी लगायतका सामान खरिद रु.१६५८८०।०० र<br>बाल्टी, झाडु, डसबिन, जग र हरपिक रु.९९८८०।०० | २६५७६०.०० |
| | बाग्लुङ्ग कालिका स्टेशनरी एण्ड अर्डर सप्लायर्स दुनैबाट रु.७०००००।०० मध्ये फोटोकपी पेपर रु.४०००००।०० र फाईल, डटपेन, पाईलट पेन रजिष्टर रु.३०००००।०० समेत | ७०००००.०० |
| ४६-०७४/११/१५ | बाग्लुङ्ग कालिका स्टेशनरी एण्ड अर्डर सप्लायर्स दुनैबाट फाईल, पाईलट पेन, खरिद रु.३०००००।०० र २० वटा कार्टिज रु.१०००००।०० समेत | ४०००००.०० |
| ८९-०७५/३/३२ | बाग्लुङ्ग कालिका स्टेशनरी एण्ड अर्डर सप्लायर्स दुनैबाट फोटोकपी पेपर | २०००००.०० |
| | लक्ष्मी जनरल स्टोर्स जुफालबाट मट्टितेल, चिनी, हार्पिक आदि सामान खरिद | ८२९००.०० |
| ९१-०७५/३/३१ | बाग्लुङ्ग कालिका स्टेशनरी एण्ड अर्डर सप्लायर्स दुनैबाट खरिद रु.१४५५५०।०० मध्ये फाईल फोटोकपी | ९२५५०.०० |
| | **जम्मा** | **१७४१२१०.००** |

| | | |
|---|---|---|
| ६०. | वार्षिक वजेट तथा कार्यक्रम वनाउंदा विकास निर्माण तथा पूर्वाधार विकासलाई प्राथमिकता दिनु पर्दछ । वित्तिय समानिकरण चालु खर्चवाट निम्नानुसार संघ संस्था तथा व्यक्तिलाई अनुदान तथा आर्थिक सहायताकारुपमा रु.४,००,०००।- वितरण गरी खर्च लेखेको देखियो । विकास निर्माण र | |

## ठुली भेरी नगरपालिका, डोल्पा

| दफा | विवरण | रकम |
|---|---|---|
| | पूर्वाधार विकासमा खर्च गर्नुपर्ने रकम अनुदान भनी विल भरपाई समेत नलिई खर्च गर्ने कार्य नियमसम्मत र उपयुक्त भएन । उक्त खर्चको विल भरपाई तथा खर्च लेख्ने आधार प्रमाण पेश गर्नुपर्ने रु. | ४०००००.०० |

| भौ.नं.मिति | अनुदान तथा सहयोग पाउनेको नाम | कार्यक्रम विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| २२-२०७४/६/१ | दुनै भ्याली क्लव | फुटवल प्रतियोगिता संचालन गर्न रकम दिएको | २०००००.०० |
| ६६-२०७५/३/२४ | एडभेन्चर डोल्पा प्रा.लि | र्‍याफ्टिङ कार्यका लागि दुनै देखि त्रिपुराकोटसम्म नदी साईट क्लियरेन्स गर्न रु.४८,६६,७५०।- को लागत अनुमान पेश गरेको तर कार्य सम्पन्न प्रतिवेदन लगायतको कागजात पेश नभएको | १०००००.०० |
| ७२-२०७५/३/२९ | पृथ्वी वुढा | महान चाड चैतीका अवसरमा यस नेपालद्धारा सञ्चालित खुल्ला पुरुष भलिवल प्रतियोगिताका लागि वडा अध्यक्ष जीवराम वुढाको शिफारिसमा सम्पन्न भई सकेको कार्यको लागि रकम प्रदान गरेको । | १०००००.०० |
| | | **जम्मा** | **४०००००.००** |

| दफा | विवरण | रकम |
|---|---|---|
| ६१. | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयवाट ऐन, नियम, कार्यविधि निर्माण सम्बन्धमा मस्यौदाको प्रारुप नमूनाका रुपमा पठाएकोमा १३ वटा ऐन, नियम र कार्यविधि बनाउन डोल्पा जिल्ला अदालतका ना.सु. नगेन्द्र चौलागाईसंग २०७५।३।१० मा २०७५।३।२६ सम्म मस्यौदा ड्राफ्ट गरी पेश गर्न सम्झौता गरी रु.६५,०००।- खर्च लेखेको छ । आयकर ऐन, २०५८ को दफा ८८ अनुसार उक्त परामर्श शुल्कमा १५ प्रतिशतले हुने कर रु.९,७५०।- कट्टी नगरी भुक्तानी गरेकोले छुट भएको कर निजवाट असुलउपर गर्नुपर्ने रु. | ९७५०.०० |
| ६२. | आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ अनुसार सरकारी रकम खर्च गर्दा वार्षिक वजेट तथा कार्यक्रममा परे नपरेको र रीत पुगे नपुगेको जांच गरी खर्च स्वीकृत गरेर लेखा राख्नुपर्ने व्यवस्था छ । ठूलीभेरी नगरपालिका सदरमुकाम दुनैवाट २०७४।११।१६ देखि जुफालमा सार्ने निर्णय गरी कार्यालय सारेकोमा केन्द्र विवाद सम्बन्धमा सर्वोच्च अदालतमा २०७४ फागुनमा मुद्दा दायर भई २०७४।१२।२० मा दुनै र जुफालका पदाधिकारी लगायत दुवै पक्षलाई हाजिर हुन आदेश भएकोमा दुवै पक्ष उपस्थित भई गाउसभा तथा कार्यपालिकाको वैठक माइन्यूट पेश गरेको जानकारी प्राप्त भएको छ । मेयर गणेश वहादुर शाहीको अध्यक्षतामा त्रिपुरासुन्दरी नगरपालिकाका मेयर ओम वहादुर वुढाको प्रमुख आतिथ्यमा २०७४।१२।२४ मा जुफालमा नगरपालिका केन्द्र स्थापनाको उद्‌घाटन समारोह आयोजना गरी ५३६ जना उपस्थित भएको हाजिरीको फोटोकपि राखी होटल त्रिपुरा जुफालको रु.२,३८,३५०।- र होटल माउन्ट पुथा एण्ड रेष्टुरेन्ट जुफालको रु.२,१७,१००।- समेत रु.४,५५,४५०।- खाना खाजा वापत खर्च लेखेको देखियो । केन्द्र सार्ने निर्णय विवादित विषय समेत वनेकामा केन्द्र स्थापना समारोह भनी सरकारी वजेटवाट व्ययभार पर्ने गरी खाना खाजा खर्च लेख्ने कार्य उपयुक्त र नियमसम्मत नभएको रु. | ४५५४५०.०० |

## ठुली भेरी नगरपालिका, डोल्पा

| दफा | विवरण | रकम |
|---|---|---|
| ६३. | नगरपालिकाका पदाधिकारीलाई प्रदेश सरकारले कानून तर्जुमा गरी स्वीकृत गरेपछि तोकिए वमोजिमको पारिश्रमिक तथा सुविधा पाउने व्यवस्था छ । प्रदेश सरकारले २०७५ आषाढ २६ गते प्रदेश कानून स्वीकृत गरेकोमा निम्न पदाधिकारीलाई ऐन, नियममा व्यवस्था नभएको दशैं खर्च वापत रु.२,२०,०००।- भुक्तानी गरी खर्च लेखेको देखियो । ऐन, नियम विपरित वडाध्यक्षहरुलाई भुक्तानी गरेको चाडपर्वखर्च रकम असुल उपर गर्नुपर्ने रु. | २२००००.०० |

| सि.नं. | पदाधिकारीको नाम | भुक्तानी रकम |
|---|---|---|
| १. | वडा नं. १ का अध्यक्ष श्री वाग वहादुर महतारा | २०,०००.०० |
| २ | वडा नं. २ का अध्यक्ष श्री देवी रोकाया | २०,०००.०० |
| ३ | वडा नं. ३ का अध्यक्ष श्री अर्ण वहादुर न्यौपाने | २०,०००.०० |
| ४ | वडा नं. ४ का अध्यक्ष श्री जिवराम वुढा | २०,०००.०० |
| ५ | वडा नं. ५ का अध्यक्ष श्री कर्ण वहादुर रोकाय | २०,०००.०० |
| ६ | वडा नं. ६ का अध्यक्ष श्री धर्मनाथ वुढा | २०,०००.०० |
| ७ | वडा नं. ७ का अध्यक्ष श्री डिल विक्रम शाही | २०,०००.०० |
| ८ | वडा नं. ८ का अध्यक्ष श्री हरि प्रसाद डांगी | २०,०००.०० |
| ९ | वडा नं. ९ का अध्यक्ष श्री विरमल कुमार भण्डारी | २०,०००.०० |
| १० | वडा नं. १० का अध्यक्ष श्री गोविन्द प्रसाद महत | २०,०००.०० |
| ११ | वडा नं. ११ का अध्यक्ष श्री लक्ष्मीमान कार्की | २०,०००.०० |
| | जम्मा: | २२०,०००.०० |

| दफा | विवरण | रकम |
|---|---|---|
| ६४. | **सोझै खरिदः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा गरी खरिद गर्न नहुने र दफा ९ मा सम्भव भएसम्म खरिद प्रक्रियामा सवैले सहभागी हुन पाउने अवसर प्रदान गर्न वोलपत्र आव्हान गरी खरिद गर्नुपर्ने उल्लेख छ । नगरपालिकाले ऐनको उल्लेखित व्यवस्था उपर ध्यान नदिई नियम ८५ वमोजिम भनी निम्नानुसार पटक पटक सोझै खरिद गरी रु.८२२५४३६.००को मालसामान खरिद गरेको नियमसम्मत नभएको र प्रतिस्पर्धी रुपमा खरिद भएको छ भनी विश्वस्त हुन सकिएन । ऐन नियमको प्रक्रिया गरी खरिद कार्यमा स्वच्छ प्रतिस्पर्धा गराई नियमसम्मत र पारदर्शी रुपमा खरिद गरी खर्चमा नियन्त्रण कायम गर्न कार्यालयले ध्यान दिनु पर्दछ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ र ८४ विपरित सोझै खरिद गरेको अनियमित देखिएको रु. | ८२२५४३६.०० |

| भौ.नं.मिति | खरिद विवरण | खर्च रकम |
|---|---|---|
| ४-२०७४/४/६ | कार्यालय सामानमा खर्च लेखेको रु.५,००,०००।- मध्ये हमाली सुस्केरा अफसेट प्रेस दुनैवाट मिति २०७४।४।५ को विल नं. १७७ र २७१ वाट वाग्लुङ कालिका स्टेशनरी एण्ड अर्डर सप्लायर्स दुनैवाट मिति | २०००००.०० |

| ठुली भेरी नगरपालिका, डोल्पा | | |
|---|---|---|
| दफा | विवरण | रकम |

| | | |
|---|---|---|
| | २०७४।४।५ का विल नं. १०३६ र १११३ को स्टेशरी र छपाई | |
| ५-२०७४/४/६ | कार्यालय सामान खर्च रु. ५,००,०००।- मध्ये लक्ष्मी जनरल स्टोर्स जुफालको विल नं. ८५० मिति २०७४।४।५ को रु.८२,८९०।- र विल नं. ८५२ मिति २०७४।५।४ को रु.८२,८९०।- समेत विभिन्न मालसामान | १६५९६०.०० |
| ६-२०७४/५/२१ | कार्यालय सामान खर्च रु. ५,००,०००।- मध्ये कोशिष स्टेशनरी एण्ड जनरल अर्डर सप्लायर्स दुनैको विल नं. १५,१७ र १५१ को मिति २०७४।५।३, २०७४।५।१२ र २०७४।५।१७ को कार्यालय सामान खरिद | २४८५००.०० |
| | न्यू साजन जनरल स्टोर्स दुनैवाट २०७४।५।२ मा कार्यालय सामान खरिद | ८८५००.०० |
| | धौलागिरी जनरल स्टोर्स दुनैवाट विल नं. ३० मिति २०७४।५।६ वाट रु.८३,०००।- र विल नं. ३१ मिति २०७४।५।११ मा रु.६०,०००।- को कार्यालय सामान खरिद रु. | १४३०००.०० |
| ८-२०७४/६/९ | कार्यालय सामान खर्च रु. २,९९,०००।- मध्ये वाग्लुङ कालिका स्टेशनरी एण्ड अर्डर सप्लायर्स दुनैवाट विल नं.१११४ मिति २०७४।५।४ मा स्टेशनरी रु.१,००,०००।- र विल नं. १०३७ मिति २०७४।५।१ मा फोटोकपि पेपर खरिद रु.१,००,०००।- समेत रु | २०००००.०० |
| | हिमाली सुस्केरा अफसेट प्रेश छापाखाना दुनैवाट स्टेशनरी तथा छपाई सामाग्री | ९९९००.०० |
| ९-२०७४/६/४ | कार्यालय सामान खर्च रु. ५,००,०००।- मध्ये वाग्लुङ कालिका स्टेशनरी एण्ड अर्डर सप्लायर्सवाट १०० रिम फोटोकपि पेपर र स्टेशनरी रु.१,००,०००।- मिति २०७४।६।२ मा खरिद रु | २०००००.०० |
| | • हिमाली सुस्केरा अफसेट प्रेस दुनैवाट स्टेशनरी तथा छपाई रु.९९,९००।- २०७४।६।२ मा खरिद रु | ९९९००.०० |
| | • लक्ष्मी जनरल स्टोर्स जुफालवाट विभिन्न कार्यालय सामान मिति २०७४।६।२ मा खरिद रु | ८२८९०.०० |
| २५-२०७४/८/१८ | लक्ष्मी जनरल स्टोर्स जुफालवाट कार्यालय सामान रु. | ८२९००.०० |
| | • वाग्लुङ कालिका स्टेशनरी एण्ड जनरल स्टोर्स | १०००००.०० |

## ठुली भेरी नगरपालिका, डोल्पा

| दफा | विवरण | | | रकम |
|---|---|---|---|---|
| | | दुनैबाट स्टेशनरी खरिद | | |
| | ३०-<br>२०७४/९/३० | प्रिन्सी फर्निसिंग हाउस नेपालगंजवाट कार्पेट रु.१,१३,५६५।- र कुर्सी रु.३,७१,६५७- समेत रु.४,८५,२२३।- र गोभा.नं. २९-२०७४।८।१८ मा दराज र डोरमेट रु.५३,२२३।- खरिद समेत रु | ५३८४४६.०० | |
| | ३३-<br>२०७४/१०/२ | कोशिष स्टेशनरी एण्ड जनरल अर्डर सप्लायर्स दुनैवाट स्टेशनरी रु.९०,५००।-, न्यू साजन जनरल स्टोर्स दुनैवाट प्लाष्टिक कुर्सि, मट्टीतेल, फोटोकपि पेपर र कार्यालय सामान रु.२,७०,८००।- र धौलागिरी जनरल स्टोर्स दुनैवाट छाता, फिल्टर, सरफ आदी रु.९८,०००।- समेत रु. | ४५९३००.०० | |
| | ४१-<br>२०७४/१२/१९ | लक्ष्मी जनरल स्टोर्स जुफालवाट कार्यालय सामान रु.१,६५,९६०।- र वाग्लुङ कालिका स्टेशनरी एण्ड अर्डर सप्लायर्स दुनैवाट फोटकपि पेपर, स्टेशनरी रु.३,००,०००।- समेत रु. | ४६५९६०.०० | |
| | ४३-<br>२०७५/१/२८ | कोशिष स्टेशनरी एण्ड जनसल अर्डर सप्लायर्स दुनैवाट स्टेशनरी रु.१,६८,२५०।-, धौलागिरी जनरल स्टोर्स दुनैवाट कार्यालय सामान रु.८०,०००।-, रिता मेडिकलवाट फिनेल रु.८०,०००।-, न्यू साजन जनरल स्टोर्स दुनैवाट रु.२,५८,५००।-, पश्चिमान्चल डिष्टिव्यूटर्सवाट रु.८०,०००।-, हिमाली सुस्केरा अफसेट प्रेश दुनैवाट स्टेशनरी रु.१,८४,१५०।- र कार्पेट रु.१,२०,०००।- समेत रु. | ८५०९००.०० | |
| | ४५-<br>२०७५/१/२२ | हिमाली सुस्केरा अफसेट प्रेश दुनैवाट ओ.पि.डि टिकट रु.१,००,०००।- प्रति उत्तर पत्र र लिखित जवाफ रु.४,००,०००।- र वहस पैरवीको लागि पेश्की रु.२,००,०००।- समेत रु. ७,००,०००।- छपाई, राहि ट्रेडर्सवाट जुट कार्पेट रु.९६,०००।- र ४ वटा खाट रु.१,०७,०००।- समेत रु. | ९०३०००.०० | |
| | ४६-<br>२०७४/११/१५ | वाग्लुङ कालिका स्टेशनरी एण्ड अर्डर सप्लायर्सवाट फायल, पेन, फोटोकपि पेपर र कार्टिज खरिद रु | ४०००००.०० | |
| | ७६-<br>२०७५/३/३० | कार्यालय सामान रु.८,००,०००।- मध्ये लक्ष्मी जनरल स्टोर्स जुफालवाट कार्यालय सामान रु. ८२,९८०।-, वाग्लुङ कालिका स्टेशनरीवाट फोटोकपि रु.१,००,०००।- र स्टेशनरी सामान रु.२,००,०००।- , हिमाली सुस्केरा अफसेट प्रेश दुनैवाट छपाई तथा स्टेशनरी रु.९९,९००।- समेत रु. | ४८२८८०.०० | |
| | ७७-<br>२०७५/३/३१ | कार्यालय सामान खर्च रु.१०,००,०००।- लेखेको मध्ये डेल ल्यापटप ७ वटा खरिद र प्रिन्टर २ वटा रु.७३,०००।- समेत रु.५,७२,२००।-, हिमाली सुस्केरा | ७६३६००.०० | |

**ठुली भेरी नगरपालिका, डोल्पा**

| दफा | विवरण | रकम |
|---|---|---|

| | | |
|---|---|---|
| | अफसेट प्रेशवाट छपाई सामाग्री रु.१,३६,४००।- र लक्ष्मी जनरल स्टोर्सवाट कपडा, पर्दा र तुल रु.५५,०००।- समेत रु. | |
| ४२-२०७५/१/२५ | लक्ष्मी जनरल स्टोर्स जुफालवाट मट्टीतेल, चिनी, वाल्टिन, हरपिक, झाडु, डष्टविन, जग आदि खरिद रु.२,६५,०००।- र वाग्लुङ कालिका स्टेशनरी एण्ड अर्डर सप्लायर्स दुनैवाट फाईल, पेन, डटपेन, रजिष्टर रु.२,००,०००।- र फोटोकपि पेपर रु.४,००,०००।- गरी जम्मा रु.७,००,०००।- समेत | ९५००००.०० |
| १०५-२०७५/३/३१ | वाग्लुङ कालिका स्टेशनरी एण्ड अर्डर सप्लायर्स दुनैवाट फाईल, फोटोकपि पेपर, पर्दा कपडा लगायत कार्यालय सामान रु.३९६४५०।०० कर्णाली इनर्जी एण्ड अर्डर सप्लायर्स दुनैवाट हरपिक, जग, वाल्टिन, मार्करपेन, टर्च, व्याट्री, स्प्रे टावल रु.३०३३५०।०० समेत | ६९९८००.०० |
| | **जम्मा** | **८२२५४३६.००** |

| दफा | विवरण | रकम |
|---|---|---|
| ६५. | आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा सरकारी रकम खर्च गर्दा वजेट तथा कार्यक्रम अनुसार रितपूर्वकको विल भरपाई तथा अन्य कागजात रहे नरहेको जांच गरी खर्च स्वीकृत गरेर लेखा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले निम्न भौचरवाट मालसामान खरिद तथा विभिन्न कार्यक्रमको रकम भुक्तानी गरी खर्च लेखेकोमा भौचरमा संलग्न विल भरपाई भन्दा रु. ४९४७०२.८४ वढी खर्च लेखेको देखियो । विल भरपाई भन्दा वढी भुक्तानी रकम सम्बन्धितवाट असुलउपर गर्नुपर्ने रु. | ४९४७०२.८४ |

| भौ.नं.मिति | खरिद विवरण | खर्च रकम | वढी भुक्तानी |
|---|---|---|---|
| ५-२०७४/५/२४ | लक्ष्मी जनरल स्टोर्स जुफालको विल रु.१,६५,९६०।- मात्र रहेको | २०००००.०० | ३४०४०.०० |
| ६-२०७४/६/२१ | स्टेशनरी तथा कार्यालय सामान खरिदको विल रु.४,८०,०००।- रहेको | ५०००००.०० | २००००.०० |
| ९-२०७४/६/४ | स्टेशनरी फोटोकपि पेपर र विविध खर्चको रु.४,३४,३००।- को विल भरपाई रहेको | ५०००००.०० | ६५६१०.०० |
| ७-२०७४/६/२४ | कार्यपालिकाको वैठक भत्ता रु.७२,६००।- र स्टेशनरी तथा कार्यालय सामान रु.१,६४,६१५।- | ३०००००.०० | ६२७८५.०० |

## ठुली भेरी नगरपालिका, डोल्पा

| दफा | विवरण | | | | रकम |
|---|---|---|---|---|---|
| | | समेत रु.२,३७,२१५।- को विल भरपाई रहेको | | | |
| | २५-२०७४/८/८ | लक्ष्मी जनरल स्टोर्सवाट रु.८२,९००।-, फोटोकपि पेपर रु.१,००,०००।- मेशिनरी औजार रु.४,९८,९७०।-, विविध खर्च रु.८,९७०।- समेत रु.६,९०,७४०।- मात्र विल भरपाई रहेको | ७१०६६६.०० | १९९२६.०० | |
| | ३५-२०७४/१०/१९ | कार्यालय सामान कार्गोवाट रु.५,३९,३५०।-, भरिया जीपवाट ढुवानी रु.१,४८,०००।- र मालसामान खरिद रु.२,०७,०००।- समेत रु.८,९४,६५०।- को विल भरपाई रहेको | ९०००००.०० | ५६५०.०० | |
| | ७५- विभिन्न | खाजा खानाको विल रु.५,३९,९००।- र राईका रु.४०,०००।- र साउण्ड सिष्टम, पर्दा खाम रु.५३,०००।- समेत रु.६,७२,९००।- को मात्र विल रहेको | ७०००००.०० | २७१००.०० | |
| | ७६-२०७५/३/१९ | स्टेशनरी, छपाई, इन्धन, खाजा खाना र एफ.एम.को लागी रु.७,८९,१३०।- को खर्चलाई कार्यालय सामानमा खर्च लेखेको | ८०००००.०० | १०८७०.०० | |
| | ७७-२०७५/३/३१ | वडा नं. ५,६,९ र १० को खाजा खर्च रु.३,३२,९६८।-, डेल ल्यापटप ६ वटा रु.४,९९,२००।- र कपडा पर्दा तुल आदि रु.५५,०००।- समेत रु. ९,८६,७८६।- को मात्र विल भरपाई रहेको | १००००००.०० | १३२१४.०० | |
| | ९१-२०७५/३/३१ | कार्यालय सामानमा रु.१,४५,५५०।- खर्च लेखेकोमा फाईल र फोटोकपि पेपर खरिदको रु.९२,५५०।- को मात्र विल भएको | १४५५५०.०० | ५३०००.०० | |
| | ८४-२०७५/३/२१ | कार्यालय सामान भनी स्टेशनरी मट्टीतेल रु.१,००,०००।- औषधी | १००००००.०० | ४७६३७.८४ | |

<table>
<tr><th colspan="3">ठुली भेरी नगरपालिका, डोल्पा</th></tr>
<tr><th>दफा</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td></td><td>
<table>
<tr><td></td><td>रु.३०,०००।-, विद्युत सामाग्री तथा जडान रु.१,४७,११२।१६, कार्पेट, फिनेल लगायत जम्मा रु.९,५२,३६२।- को मात्र विल भएको</td><td></td><td></td></tr>
<tr><td>२३-२०७४/८/६</td><td>कार्यालय सामानमा खर्च लेखी रिजर्भ गाडी भाडा रु.४५,०००।- खर्च लेखेकोमा रु.२५,६९५।- को मात्र विल भरपाई रहेको रु</td><td>४५०००.००</td><td>१९३०५.००</td></tr>
<tr><td>५७-०७५/२/४</td><td>कार्यायल सामान रु.३३७८००।०० समेत खर्च रु.६५६०५०।०० मध्ये बिल नपुग</td><td>६५६०५०.००</td><td>३२०५०.००</td></tr>
<tr><td>९९-०७५/३/२०</td><td>प्रधानमन्त्री कृषि आधुनिकरणबाट अन्तरजिल्ला भ्रमण गर्दाको बिल भरपाई रु.६९१४८५।००</td><td>७०००००.००</td><td>८३५१५.००</td></tr>
<tr><td></td><td>जम्मा:</td><td></td><td>४९४७०२.८४</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>६६.</td><td>निजामती सेवा ऐन, २०४९ को दफा १३ मा कुनै पनि विभागीय प्रमुख वा कार्यालय प्रमुखको पद रिक्त भएमा वा त्यस्तो पदमा वहाल कर्मचारी १५ दिन भन्दा वढी समयसम्म विदामा वसेमा तत्काल काम चलाउनको लागि समानस्तर वा वढुवाको लागि सम्भाव्य उम्मेदवार भई सकेको एक तह मुनिको जेष्ठ कर्मचारीलाई वढीमा ६ महिनासम्म कायम मुकायम मुकरर गर्न सकिने उल्लेख छ । प्रशासकिय प्रमुख पद रिक्त भएको भनि निमित्त भई कामकाज गरे वापत एक तह माथीको तलव भत्ता र साविक पदको तलव भत्ता वीच फरक रकम निमित्त भत्ता पाउनेमा ना.सु. केशव सुनारलाई फागुन र चैत्रको तलव भत्ता भुक्तानी गर्दा रु.२,४६७४५ का दरले क.सं.कोष थप समेत रु.५,४२८।३९ वढी भुक्तानी गरेको देखियो । नियमले पाउने भन्दा वढी भुक्तानी गरेको असुलउपर गर्नुपर्ने रु.</td><td>५४२८.३९</td></tr>
<tr><td>६७.</td><td>आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा सरकारी रकम खर्च गर्दा वजेट तथा कार्यक्रम अनुसार रितपूर्वकका विल भरपाई रहे नरहेको जांच गरी खर्च स्वीकृत गरेर लेखा राख्नुपर्ने उल्लेख छ । कार्यालयले अनुगमन तथा मूल्यांकन भ्रमण खर्चका विल भरपाई संलग्न नगरी रु.२६४७३०.०० खर्च लेखेकोमा लेखापरीक्षणको क्रममा खर्च पुष्टि हुने विल भरपाई तथा अन्य कागजात पेश गरेको छैन । उक्त खर्चका आधार प्रमाण पेश गर्ने अन्यथा दामकाम गर्नेवाट असुलउपर गर्नुपर्ने रु-</td><td>२६४७३०.००</td></tr>
<tr><td>६८.</td><td>वजेट तथा कार्यक्रम अनुसार निर्धारित उद्देश्य प्राप्त गर्ने गरी खर्च गर्नुपर्ने र खर्चको प्रकृति अनुसार मिल्दो वजेट खर्च शीर्षकमा खर्च लेखांकन गरी खर्चमा नियन्त्रण गर्नुपर्दछ । कार्यालयले जेष्ठ महिनाको विभिन्न ७ पटकको रिजर्भ गाडी भाडा भनी रु.८६,५००।- र आषाढको ९ पटकको रिजर्भ गाडी भाडा रु.१,३४,५००।- समेत रु.२,२१,०००।- ढुवानी भाडालाई कार्यालय सामानमा खर्च लेखेको छ भने उक्त भौचर कार्यालय प्रमुखवाट स्वीकृत भएको देखिएन । उक्त खर्च सम्बन्धमा</td><td>२२१०००.००</td></tr>
</table>

| ठुली भेरी नगरपालिका, डोल्पा | | |
|---|---|---|
| **दफा** | **विवरण** | **रकम** |
| | छानवीन गरी खर्च स्वीकृत भएको आधार प्रमाण पेश गर्ने अन्यथा असुलउपर गर्नुपर्ने रु- | |
| ६९. | आयकर ऐन, २०५८ को दफा ८८ मा रिजर्भ गाडी भाडा तथा मू.अ.कर नभएको ढुवानी भाडाको विलमा १० प्रतिशत वहालकर कट्टी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उल्लेखित भौचरवाट तरकारी पकेट सन्चालन समितिद्धारा संचालित कृषि उपज समिति ढुवानी सेवालाई रु.२,२१,०००।- ढुवानी भाडा भुक्तानी गरी खर्च लेखेकोमा उक्त खर्चमा कर रु.२२,१००।- कट्टी गर्नु पर्नेमा रु.३,३१५।- मात्र कर कट्टी गरेकोले नपुग कर रु.१८,७८५।- असुलउपर गर्नुपर्ने रु. | १८७८५.०० |
| ७०. | कार्यालय प्रयोजनको लागि घर भाडामा लिनुपर्दा जिल्ला दररेट निर्धारण समितिवाट के कति कोठाको के कतिका दरले मासिक भाडा दिनु पर्ने हो निर्णय गराई सोको आधारमा सम्झौता गरी घरभाडा भुक्तानी गर्नुपर्दछ । ठुली भेरी नगरपालिका ३ दुनैस्थित चन्द्र कुमारी वुढाको घरको घरभाडा भनी निवेदकको हस्ताक्षर नभएको निवेदन संलग्न गरी मासिक रु.२२,५००।- का दरले श्रावण देखि आषाढ मसान्तसम्मको एकमुष्ट रु.२,७०,०००।- भुक्तानी गरेकोमा घर भाडा लिनेदिने सम्बन्धी सम्झौता पेश भएको छैन । कार्यालय जुफालमा ०७४।११।१६ देखि सरेकोले अनावश्यक रुपमा खर्च वढ्ने गरी दुनैमा घरभाडामा लिनुपर्ने कारण स्पष्ट नभएको र वषान्तमा एकमुष्ट भाडा भुक्तानी गर्नुपर्ने आधार, सम्झौता र खर्चको औचित्य स्पष्ट गरी पेश गर्नुपर्ने अन्यथा दामकाम गर्नेवाट असुलउपर गर्नुपर्ने रु. | २७०००0.०० |
| ७०.१. | आयकर ऐन, २०५८ को दफा ८८ मा घर भाडा भुक्तानी गर्दा १० प्रतिशत वहालकर कट्टी गर्नुपर्ने व्यवस्था छ । ठुलीभेरी नगरपालिका दुनैस्थित चन्द्र कुमारी वुढाको घर प्रयोग गरेको भनी घरभाडा रु.२,७०,०००।- भुक्तानी गर्दा ऐनको उल्लेखित व्यवस्था अनुसार १० प्रतिशत वहालकर कट्टी गरेको नदेखिएकोले छुट कर असुलउपर गर्नुपर्ने रु. | २७०००.०० |
| ७१. | आयकर ऐन, २०५८ को दफा ८८ र दफा ८९(१) मा मालसामान खरिद, परामर्श सेवा खरिदको मू.अ.कर समावेस भएको विलमा १.५ प्रतिशत, घर भाडा र ढुवानी भाडामा १० प्रतिशत, पटके पारिश्रमिक तथा भत्तामा १५ प्रतिशत अग्रिम कर कट्टी गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले निम्नानुसारको मालसामान खरिद, ढुवानी भाडा लगायतमा खर्च भुक्तानी गर्दा उल्लेखित व्यवस्था अनुसार रु. १९३५७५.९२ कर कट्टी नगरेको र घटी कर कट्टी गरेको देखियो । नियमानुसार लाग्ने कर कट्टी नगर्दा सरकारको राजश्व प्राप्तीमा कमी भई वजेट तथा कार्यक्रम कार्यान्वयनमा असर पर्न सक्ने भएकोले कर कट्टीको व्यवस्था मिलाई छुट भएको कर रकम सम्बन्धितवाट असुलउपर गर्नुपर्ने रु. | १९३५७५.९२ |

| भौ.नं.मिति | विवरण | खर्च रकम | छुट कर रकम |
|---|---|---|---|
| ८४-<br>२०७५/३/२१ | स्टेशनरी, छपाई, औषधी खरिद लगायत कार्यालय सामान खरिद राही ट्रेडर्स रु.९६,०००।-, न्यू साजन जनरल स्टोर्स दुनै रु.३,५८,०००।-, वाग्लुङ कालिका स्टेशनरी एण्ड अर्डर सप्लायर्स दुनै रु.१,८४,०००।-, हिमाली सुस्केरा अफसेट प्रेस दुनै रु.९१,२५०।-, आर.के | १००००००.०० | १४२५८.०० |

**ठुली भेरी नगरपालिका, डोल्पा**

| दफा | विवरण | | | | रकम |
|---|---|---|---|---|---|
| | | स्टेशनरी एण्ड सप्लायर्स दुनै रु.४६,०००।-, रीता मेडिकल रु.३०,०००।- र विद्युत सामाग्री तथा जडान रु.१,४७,११२।१६ | | | |
| | २३-२०७४/८/२६ | त्रिपुरा सुन्दरी यातायात सेवा दुनैलाई रु.२४,०००।- गाडी भाडामा १० प्रतिशत कर कट्टी नगरेको रु | २४०००.०० | २४००.०० | |
| | ३५-२०७४/१०/१९ | कार्यालय सामान भनी खर्च लेखेको रु.९,००,०००।- मध्ये मनकामना एअरकार्गो भनी रु.१,५२,८८०।-, वेष्टर्न एअरकार्गो सर्भिस नेपालगंजको रु.५३,०८२।-, रेखा एअर कार्गोको रु.१,२०,८५४।- जय आशिष कार्गोको रु.१,२६,२१४।- समेत रु.५,३९,३५०।- ढुवानी भाडामा १.५ प्रतिशतले रु.८,०९०।२५ मात्र कर कट्टी गरेकोले छुट कर रु | ५३९३५०.०० | ४५८४४.५० | |
| | | जीपवाट ढुवानी रु.१,४८,०००।- मा १० प्रतिशत भाडा कर कट्टी नगरेको रु | १४८०००.०० | १४८००.०० | |
| | ४५-२०७५/१/२२ | कृषि उपच समिति ढुवानी सेवा जुफाललाई रिजर्भ गरी ढुवानी भाडा भुक्तानी रु | १६४५००.०० | १६४५०.०० | |
| | ४६-२०७४/११/१५ | रेडियो डोल्पा एफएमलाई नगरपालिकाको सन्देशमूलक सूचना प्रशारण वापत भुक्तानी गर्दा रु.८,२५०।- मात्र कर कट्टी गरेको रु | ५५००००.०० | ४६७५०.०० | |
| | ८३-२०७५/३/२९ | कार्यालय सामान भनी गाडी रिजर्भ गरी २०७५ जेष्ठ १,४,८,११,१९,२५,३० र आषाढ २,५,७,८,१०,१३,२०,२८,३० र | २२१०००.०० | १८७८५.०० | |

| ठुली भेरी नगरपालिका, डोल्पा | | |
|---|---|---|
| **दफा** | **विवरण** | **रकम** |

| | | | |
|---|---|---|---|
| | श्रावण ४ गतेको भाडा वापत तरकारी पकेट संचालन समितिद्धारा संचालित कृषि उपच समिति ढुवानी सेवालाई भुक्तानी गर्दा रु.३३१५।- मात्र कर कट्टी गरेको रु | | |
| ३१-२०७४/९/३ | मनकामना एअरकार्गो सर्भिस नेपालगंजवाट ढुवानी | ४८८४०.०० | ४८८४.०० |
| ५८-२०७५/२/४ | कार्यालय सामान खर्च रु.१,०१,६०२।- हिमाली सुस्केरा अफसेट प्रोसको विल जे.पी जनरल एण्ड अर्डर सप्लायर्सलाई भुक्तानी | १०१६०२.०० | १५२४.०० |
| ५९-२०७५/३/१० | घर वहाल रु.७०,०००।- को वहाल कर रु.७,०००।- दाखिला नभएको | ७००००.०० | ७०००.०० |
| १०१-०७३/३/२५ | मनकामना एअरकार्गो सर्भिसलाई रु.१८३४००।०० र बेस्टर्न एअरकार्गोलाई रु.६२४१२।०० ढुवानी भाडामा रु.३६८४।७८ मात्र कर काटेको | २४५६५२.०० | २०८८०.४२ |
| | जम्मा: | | **१९३५७५.९२** |

| | | |
|---|---|---|
| ७२. | आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा सरकारी रकमवाट खर्च गर्दा वजेट तथा कार्यक्रम अनुसारको विल भरपाई रितपूर्वक भए नभएको जाँच गरेर खर्च स्वीकृती गरेर लेखा राख्नु पर्ने उल्लेख छ । कार्यालयले अनुगमन मूल्यांकन खर्च वापत रु.५,२८,६४०।- खर्च लेखेकोमा रु.२,६२,१९०।- को मात्र भ्रमण खर्चको विल भरपाई पेश भएको छ भने ना.सु. केशव सुनारको र ना.सु. हरिश तिरुवाको भ्रमण खर्च रु.३१,५००।- गत आ.व.को खर्च लेखेको देखियो । भ्रमण खर्चको विल भरपाई पेश नभएकोले वढी खर्च लेखेको रु.२,६६,४५०।-असुलउपर गर्नुपर्ने रु. | २६६४५०.०० |
